# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३६ | काठमाडौं | मंगलबार, १५ जेठ २०८१ | Prabhab National Daily | Tuesday, May 28, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## गण्डकीका मुख्यमन्त्री अधिकारी पदमुक्त




- मुख्यमन्त्री खगराज अधिकारीले लिएको विश्वासको मत असंवैधानिक ठहर
- कांग्रेस सांसद सुरेन्द्रराज पाण्डेलाई ४८ घण्टाभित्र मुख्यमन्त्री नियुक्त गर्न परमादेश

**काठमाडौं (प्रस)-** सर्वोच्च अदालतले गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले लिएको विश्वासको मत असंवैधानिक ठहर गरेको छ । न्यायधीशद्वय कुमार रेग्मी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले मुख्यमन्त्री अधिकारीले यसअघि ६० सदस्यीय प्रदेशसभामा ३० सदस्यको मत पाउने भनी लिएको विश्वासको मत संविधानविपरीत भएको ठहर गरेको हो । अदालतको आदेशसँगै मुख्यमन्त्री अधिकारी पदमुक्त भएका छन् ।

गत वैशाख २५ गते नेपाली कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले दायर गरेको रिट निवेदनमा मुख्यमन्त्री अधिकारीले लिएको मत असंवैधानिक रहेको दाबी गरिएको थियो । विश्वासको मत लिँदा प्रदेशसभाको बहुमत अवैधानिकरूपमा गणना गरेर विश्वासको मत पाएको रिट निवेदनमा छ । उक्त प्रदेशसभामा ६० सदस्य रहेकामा ३० मत मुख्यमन्त्री अधिकारीले पाएका थिए । बहुमत पुग्नका लागि ३१ मत हुनुपर्ने रिट निवेदनमा दाबी गरिएको थियो ।

योसँगै सर्वोच्चले गण्डकी प्रदेशका मुख्यमन्त्रीमा ४८ घण्टाभित्र कांग्रेस सांसद सुरेन्द्रराज पाण्डेलाई नियुक्त गर्न परमादेश दिएको छ । आदेशमा संविधानको धारा १६८ उपधारा २ बमोजिम बनेको सरकारले सोही धाराको उपधारा ४ बमोजिम विश्वासको मत पाउन नसकेको भन्दै उपधारा ३ बमोजिम मुख्यमन्त्री नियुक्त गर्न भनिएको छ । उपधारा ३ मा संसद्को सबभन्दा ठूलो दलको नेतालाई मुख्यमन्त्री चयन गर्ने संवैधानिक व्यवस्था छ ।

'गण्डकी प्रदेशसभामा बहुमतका लागि न्यूनतम ३१ सदस्यको आवश्यकता पर्नेमा ३० सदस्यको समर्थन प्रस्ताव बहुमतबाट पास भएको भनी प्रदेशसभाका सभामुखबाट भएको घोषणा नेपालको संविधानको धारा १८८ को उपधारा ३ विपरीत रहेको हुँदा गण्डकी प्रदेशसभामा मुख्यमन्त्री माननीय खगराज अधिकारीले पेस गर्नुभएको विश्वासको मत बहुमतले पास भएको भनी गण्डकी प्रदेशसभाका सभामुखबाट वैशाख २३ गर्नुभएको घोषणा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ,' सर्वोच्चको आदेशमा भनिएको छ ।


(क्रमशः पृष्ठ २ मा)


आज बजेट भाषण

## सत्तारुढ दलकै कारण बिथोलिने डर

नेपाली कांग्रेसले एमालेका अध्यक्ष केपी ओलीका विरूद्ध टार्जेट गरेर अराजनीतिक आरोप लगाइरहेको छ । कांग्रेसले यो आरोपप्रति सार्वजनिक रूपमा क्षमा माग्नुपर्छ ।

■ **विष्णु पौडेल**
उपाध्यक्ष, नेकपा एमाले

संविधान सँगै बसेर लेखेका हौं । उहाँले गलत आरोप लगाउने छुट छ भने सही प्रतिवाद गर्ने छुट कांग्रेसलाई पनि छ । किनकि यो उत्तर कोरिया होइन, नेपाल हो ।

■ **विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले आज आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्दै छ । अर्थमन्त्री वर्षमान पुनले संघीय संसद्को संयुक्त बैठकमा दिउँसो १ बजे बजेट प्रस्तुत गर्ने कार्यतालिका छ । जेठ १५ गते बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्थाअनुसार सरकारले आजै बजेट प्रस्तुत गर्न लागेको हो ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससँग सहमति जुटिनसकेका कारण बजेट प्रस्तुत गर्ने कार्यक्रम बिथोलिने आशंका गरिएको छ । किनभने यतिबेला कांग्रेस सहकारी प्रकरणको मुद्दालाई लिएर आन्दोलित छ । सदन निरन्तर अवरुद्ध पार्दै आएको कांग्रेसले सरकारलाई दबाब दिन आइतबारदेखि सडक आन्दोलनसमेत थालेको छ । कांग्रेसको माग हो- उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने सहकारीको रकम अपचलनमा संलग्न भएकाले उनीमाथि अनुसन्धान गर्न संसदीय छानबिन समिति गठन हुनुपर्छ । यस विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल पनि लचक देखिन्छन् । तर एमाले भने लामिछानेको पक्षमा बलियोसँग उभिएको देखिन्छ ।


यसले प्रमुख प्रतिपक्ष कांग्रेस सरकारसँग भड्किँदै गएको छ । एमाले अध्यक्ष केपी शर्मा ओली संसद्मा वातावरण बिगार्न लागिपरेको देखिन्छ । यसअघि जेठ ३ गते यस्तै भयो । अघिल्लो दिन ओलीले सदनमा कांग्रेसको प्रतिकार गर्ने अभिव्यक्ति दिएका थिए । नभन्दै जेठ ३ गते कांग्रेसले रोस्ट्रम घेराउ गर्दा ओली आफैं उठेर कांग्रेसको प्रतिकार गर्न कस्सिए ।

सरकार अहिले केही 'ब्याक' भएर सहकारी प्रकरण छानबिनका लागि समिति गठनको चरणमा छ । जेठ ५ गते कानुनमन्त्री पदम गिरीको संयोजकत्वमा कार्यादेश (टिओआर) कार्यदल गठन भयो ।


(क्रमशः पृष्ठ २ मा)


## टिओआरमा लगभग सहमति

### आज संसदीय समिति बन्ने दाबी



सोमबार साँझ प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको छलफलमा सहभागी कार्यदलका सदस्यहरूसहित दलका नेताहरू ।

**काठमाडौं (प्रस)–** सहकारी ठगी प्रकरणको छानबिन गर्न गठन गरिने संसदीय छानबिन समितिको कार्यादेश (टिओआर)मा सहमतिनजिक पुगेको दलहरूले बताएका छन् । सोमबार साँझ बसेको कार्यदलको बैठकपछि कानुनमन्त्री पदम गिरीले आफूहरू एक ठाउँमा आइसकेको दाबी गरे । कार्यदलका संयोजक गिरीले प्रधानमन्त्रीको उपस्थितिमा सहमति अन्तिम अवस्थामा पुगेको दाबी गरे ।

योसँगै सदनको अवरोधसमेत हट्ने उनले बताए । 'लगभग सहमति भइसकेको छ । बिहान ११ बजेको बैठकले यसको टुंगो लाग्छ । सदन पनि खुल्छ,' गिरीले भने । पार्टीमा छलफलपछि यसको टुंगो लाग्ने उनले बताए ।

कांग्रेस प्रमुख सचेतक रमेश लेखकले पनि टिओआरबारे दलहरू निष्कर्ष नजिक पुगेको बताए । 'छलफल राम्रो भएको छ । बिहान ११ बजे बैठकपछि निष्कर्ष निस्कन्छ । त्यसपछि फाइनल हुन्छ,' कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने । कार्यदलमा सदस्य रहेको कांग्रेस सहमहामन्त्री जीवन परियारले पनि टिओआर सहमतिनजिक पुगेको बताए । 'कुरा सहमति नजिक पुगेको छ । हामी भोलि बिहान ११ बजे बसेर फाइनल गर्ने भन्ने भएको छ,' परियारले भने । सहमतिको बिन्दु के त ? यसबारे भने लेखक र परियारले खुलाउन चाहेनन् ।

### गृहमन्त्री लामिछानेविरुद्ध सर्वोच्चमा रिट दर्ता

गृहमन्त्री रवि लामिछानेलाई पदबाट निलम्बन गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ ।


(क्रमशः पृष्ठ २ मा)


## विद्युत् प्राधिकरणको नक्कली आम्दानी, सक्कली कर !

- प्राधिकरणले नक्कली आम्दानी देखाएर सक्कली कर तिरेको लाल आयोगको प्रतिवेदनमा दाबी
- नक्कली आम्दानी देखाएर झण्डै पाँच अर्ब रुपैयाँ राज्यलाई कर तिरिसकेको उल्लेख

**काठमाडौं (प्रस)-** पूर्वन्यायाधीश गिरिशचन्द्र लाल नेतृत्वको आयोगले बुझाएको प्रतिवेदनले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ अप्ठ्यारोमा परेका छन् । प्राधिकरणको नक्कली आम्दानी देखाउँदै घिसिङले सक्कली कर तिरेको लाल आयोगको प्रतिवेदन-२०८० ले औंल्याएको छ ।

डेटिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत्को महसुलको विवाद समाधानका लागि लालको नेतृत्वमा जाँचबुझ आयोग गठन भएको थियो । उक्त आयोगको प्रतिवेदन मन्त्रिपरिषद्ले कार्यान्वयन गर्ने निर्णय गरिसकेको छ । यसले घिसिङलाई अप्ठ्यारोमा पार्ने देखिएको छ ।

लाल आयोगले २०७२ माघअघिको महसुल लिन नपाउने र सोही वर्षको माघदेखि २०७५ वैशाखसम्मको प्रमाण (डिओडी मिटरको विवरण) अनुसार महसुल लिन पाउने निष्कर्षसहितको प्रतिवेदन तयार गरेको हो । सोही प्रतिवेदन बुझेको सरकारले कार्यान्वयन गर्ने निर्णय गरिसकेको छ ।

देशका विभिन्न उद्योगबाट प्राधिकरणले डेडिकेटेड फिडर तथा ट्रंकलाइनबापतको रकम उठाउन बिलिङ भएको २०८० मंसिरसम्मको बक्यौता २२ अर्ब २४ करोड ५७ लाख ७७ हजार रूपैयाँ लोडसेडिङ अन्त्यपछिको त्यस्तो बक्यौता


(क्रमशः पृष्ठ २ मा)


सन्दर्भः वैदेशिक रोजगार

## रोजगार मेलाको तयारी पूरा

■ **प्रभाव संवाददाता**




### जेठ १७ गते विराटनगरबाट सुरू हुने रोजगार मेला सातवटै प्रदेशमा दुई-दुई दिन सञ्चालन गरिने

**काठमाडौं-** श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले विशेष महत्त्वकासाथ आयोजना गर्न लागेको 'श्रमाधान रोजगार मेला-२०८१'को तयारी पूरा भएको जानकारी दिएको छ । मन्त्रालयले नेपाली नागरिकलाई वैदेशिक रोजगारीको अलावा स्वदेशमा नै रोजगार तथा स्वरोजगारीको अवसरलाई पहुँचयोग्य बनाउन यही जेठ १७ देखि ३० गतेसम्म श्रमाधान रोजगार मेला सञ्चालन गर्दै छ ।

मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनुका साथै मुलुकभित्रै रोजगारीको अवसर सिर्जना गर्न सातवटै प्रदेशका विभिन्न स्थानमा रोजगार मेला सञ्चालन हुने जानकारी दिएको छ । आन्तरिक रोजगारीको अवसरलाईसमेत पहुँचयोग्य बनाई विद्यमान श्रम शक्तिको अधिकतम उपयोग गर्ने उद्देश्यका साथ विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको सन्दर्भमा रोजगार मेला आयोजना गरिएको मन्त्रालयको भनाइ छ ।

रोजगारीको खोजीमा रहेका युवाहरूलाई स्वदेशमा नै रोजगारी प्राप्त गर्न सहज र सरल तवरले पहुँचयोग्य बनाउने उद्देश्यनुरूप आयोजना गर्न लागिएको मेलाले रोजगारीको खोजीमा रहेका विविध क्षेत्रका युवाहरूलाई रोजगारदातासँग जोड्न सहयोग पुऱ्याउने मन्त्रालयले विश्वास लिएको छ । यद्यपि मेलाबाट उद्यमशीलता तथा स्वरोजगारका कैयन् अवसरका बारेमा ज्ञान आर्जन गर्न, रोजगारी खोज्नेहरूबीच नवप्रवर्तन र स्वव्यवसाय विकासलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने मन्त्रालयले जनाएको छ । संघ, प्रदेश र स्थानीय तह तथा विभिन्न निजी रोजगारदाताहरूको समन्वय र सहकार्यमा सञ्चालन हुने मेलामा कार्यशाला, मनोपरामर्शलगायतका विविध विषय एवं सरकारी, निजी, गैरसरकारी क्षेत्रका विभिन्न निकायहरूको बुथ (स्टल)हरू रहने बताइएको छ । जसमा श्रम मन्त्रालय र मातहतका सबै निकाय, विभिन्न तालिम प्रदायक संस्थाहरूको उपस्थिति रहने छ । सामी परियोजना, रेमी योजना, उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ, होटल व्यवसायी महासंघलगायतले मेलामा स्टल राख्ने मन्त्रालयले जनाएको छ ।

आन्तरिक रोजगारी प्रवर्द्धनका लागि श्रम मन्त्रालयले सञ्चालन गर्न लागेको मेलामा अनलाइनमार्फत पनि सहभागी हुनसक्ने व्यवस्था मिलाइएको छ । मेलाले रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरूलाई समन्वयकारी भूमिका खेल्ने मन्त्रालयको विश्वास छ । रोजगार मेलामा संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित सरकारी कार्यालयहरू, सार्वजनिक र निजी रोजगारदाता, संघसंस्थाहरू, नागरिक समाज, रोजगारीको खोजीमा रहेका सबैलाई सहभागिताका लागि मन्त्रालयले आग्रह गरेको छ ।

मेलामा स्वदेशको मात्र नभई वैदेशिक रोजगारीको अवसरका बारेमा पनि जानकारी लिन सकिने मन्त्रालयका सहसचिव एवं प्रवक्ता गोविन्दप्रसाद रिजालले बताए । 'मेलाको मुख्य उद्देश्य भनेको रोजगारी सिर्जनाका लागि सरकार र निजी क्षेत्रबीचको साझेदारीलाई प्रवर्द्धन गर्दै लैजानु हो,' उनले भने, 'मेलामार्फत आन्तरिक रोजगारी प्रवर्द्धनसँगै वैदेशिक रोजगारीको सन्दर्भमा थुप्रै कुराहरू तल्लो तहसम्म पुऱ्याउन सकिन्छ र व्यवस्थित बनाउन मद्दत पुग्छ भन्ने विश्वास लिइएको छ ।' मेलामा वैदेशिक रोजगार बोर्ड, सामाजिक सुरक्षा कोष र म्यानपावर कम्पनीका विभिन्न छाता संगठनले पनि स्टल राख्ने रिजालले बताए ।

मन्त्रालयले कोशी प्रदेशबाट सुरु हुने मेला प्रत्येक प्रदेशमा दुई-दुई दिनसम्म चल्ने तालिका सार्वजनिक गरेको छ । जसअनुसार कोशी प्रदेशको विराटनगरमा जेठ १७ र १८ गते, मधेस प्रदेशको जनकपुरमा १९ र २० गते, गण्डकी प्रदेशको पोखरामा २१ र २२ गते, लुम्बिनी प्रदेशको बुटवलमा २३ र २४ गते, कर्णाली प्रदेशको सुर्खेतमा २७ र २८ गते र बागमती प्रदेशको ललितपुरमा २९ र ३० गते मेलाको कार्यतालिका तय गरिएको छ


कर्मचारी आवश्यकता




यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरूबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

पब्लिक रिलेसन अफिसर (PRO) : ३+३ जना (पुरुष र महिला)
डकुमेन्टेशन अफिसर : २ जना (महिला)
रिशेप्सनिस्ट : १ जना (महिला), म्यानेजर : १ जना (पुरुष/महिला)
हाउस ड्राइभर : १ (२५-५० वर्षको हुनुपर्ने)

तलब आपससी समझदारीमा

नोटः सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

FUTURE STAR MANPOWER PVT. LTD.
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719,
9810101810, 9813916322

पृष्ठ १ बाट क्रमशः

## गण्डकीका मुख्यमन्त्री...

'प्रस्तुत आदेश प्राप्त भएको ४८ घण्टाभित्र नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिमको प्रक्रियाबाट मुख्यमन्त्री नियुक्तिको कार्य सम्पन्न गर्नु भनी गण्डाकी प्रदेशका प्रदेश प्रमुखसमेतका नाउँमा परमादेशको आदेश जारी गरिदिएको छ।'

एमाले नेता अधिकारी संविधानको धारा १६८ उपधारा २ अनुसार दुईभन्दा धेरै दल मिलेर मुख्यमन्त्री नियुक्त भएका थिए। उनलाई मुख्यमन्त्री नियुक्त गर्न एमालेका २२ जना, सभामुख कृष्णप्रसाद धितालसहित माओवादीका आठ जना र राजीव गुरूङ 'दीपक मनाङे' ले समर्थन गरेका थिए। गण्डकीमा कांग्रेसका २७, एमालेका २२, माओवादीका सभामुखसहित आठ, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का २ र दीपक मनाङे गरी ६० जना सांसद छन्।

■■■

## सत्तारुढ दलकै...

कार्यदलले समिति बनाउन टिओआर टुंग्याउन पटक-पटक बैठक राख्यो। तर टिओआरमा सत्तापक्ष पुरानै अडानमा छ भने कांग्रेसले पनि आफू 'ब्याक' नहुने संकेत देखाएको छ। समिति बन्दा गृहमन्त्री लामिछानेको नाम तोकिनुपर्ने कांग्रेसको माग हो भने व्यक्तिको नाम तोकिनै हुन्न भन्ने अडान सत्तापक्षको। कार्यदलले कुनै टुंगो लगाउन नसकेपछि यो विषय अहिले शीर्ष नेताको जिम्मामा आइपुगेको छ। शीर्ष नेताका तहमा आइपुग्दा कहिले ओली पुग्दैनन् कहिले देउवा। योबीचमा सत्तापक्षले आग्रहलाई स्वीकार्दै कांग्रेस लचक बन्दै आयो। गृहमन्त्री लामिछानेले आफूमाथि लागेको आरोपबारे प्रस्टीकरण दिए। प्रधानमन्त्री दाहालले चौथोपटक विश्वासको मत लिए। तर कांग्रेसको मागमा भने सरकारले अझै पनि सुनुवाइ गरेको छैन। सरकार यतिबेला कांग्रेसलाई पेलेरै अघि बढ्ने मुडमा देखिन्छ।

यही विषय बजेट प्रस्तुत गर्ने दिनसम्मै मिल्न सकेको छैन। सत्तापक्षले कांग्रेसलाई संयमता अपनाउन आग्रह गरेको छ। 'कांग्रेसले सोच्नुपर्ने हुन्छ। यस्ता खालका होहल्ला र नाराबाजी कांग्रेसले गर्ने छैन। सरकारलाई संवैधानिक बाध्यता छ जेठ १५ मै बजेट ल्याउनुपर्ने। हाउसको गतिरोध अन्त्यका लागि कांग्रेसले सोचोस्,' एमाले प्रमुख सचेतक महेश बर्तौलाले भने।

यता कांग्रेसले आजै ११ बजे संसदीय दलको बैठक डाकेको छ। बजेट प्रस्तुतिमा अवरोध गर्ने वा नगर्ने विषयमा छलफल गर्न बैठक डाकिएको कांग्रेसले जनाएको छ। यसअघि कांग्रेसले विपक्षी दलहरूसँग पनि छलफल गर्ने कार्यतालिका रहेको छ। बिहान १० बजे संसद् भवनमा विपक्षी दलहरूको बैठक बस्ने कांग्रेसले जनायो। सभामुख देवराज घिमिरेले बजेट प्रस्तुतिका लागि दिउँसो १ बजे राष्ट्रिय सभा र प्रतिनिधिसभाको संयुक्त बैठक आह्वान गरेका छन्। बैठक सुरु हुनुभन्दा १५ मिनेटअघि नै प्रतिनिधिसभामा प्रवेश गरिसक्न सभामुखले सांसदहरूलाई निर्देश गरेका छन्।

### वातावरण बिथोल्न उद्दत एमाले

गिरिबन्धु टी स्टेटको जग्गा हिनामिना प्रकरणमा अध्यक्ष ओलीमाथि प्रश्न उठेपछि एमाले झन्झन् उत्तेजक बन्दै गएको छ। यस विषयमा ओलीले गिरिबन्धु टी स्टेटको जग्गा कांग्रेसले बेचेको उल्टै आरोप लगाए। त्यसपछि कांग्रेस एमालेमाथि आक्रामक बन्दै गएको छ। उसले सहकारी प्रकरणमा लामिछानेमाथि मात्रै हैन, गिरिबन्धु टी स्टेटमा ओलीमाथि पनि छानबिन हुनुपर्ने माग अघि सारेको छ।

यसले एमाले झनै उत्तेजक बनेको छ। बजेट ल्याउनअघि जुट्न लागेको सहमति एमालेकै कारण भाँडिने सम्भावनासमेत बढेको कांग्रेस नेताहरू बताउँछन्।

सोमबार एमाले उपाध्यक्ष विष्णु पौडेल बालुवाटारमा ओली शैलीमै उत्रिए। शीर्ष नेताको बैठकमा सहमति नजुटेपछि पौडेल कांग्रेसमाथि खनिए। 'नेपाली कांग्रेस कुनै सहमतिको पक्षमा छैन भन्ने कुरा पछिल्ला घटनाक्रमहरूले संकेत गरिरहेका छन्। अनुचित र पूर्वाग्रह आरोप लगाउँदै राष्ट्रिय राजनीति बिथोल्न लागेको छ। पछिल्ला दिनमा एमालेका अध्यक्षविरुद्ध प्रायोजित, भ्रामक, पूर्वाग्राही, गलत, प्रतिशोधपूर्ण आधारहीन लञ्छना लगाउँदै हिँडेको छ। यस्तो लाञ्छनाबाट पछि हट्न मेरो आग्रह छ। कांग्रेसले आफ्नो अभिव्यक्ति फिर्ता लिँदैन भने हामी राजनीतिकरूपमा प्रतिवादमा उत्रिन्छौं,' पौडेलले भने, 'नेपाली कांग्रेसले एमालेका अध्यक्ष केपी ओलीका विरुद्ध टार्जेट गरेर अराजनीतिक आरोप लगाइरहेको छ। कांग्रेसले यो आरोपप्रति लिखितरूपमा क्षमा माग्नुपर्छ। सार्वजनिक रूपमा माफी माग्नुपर्छ। नभए कांग्रेससँग हाम्रो सम्बन्ध ठीक ढंगले अगाडि बढ्दैन।'

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा भने एमालेसँग आफूहरू प्रतिवादमा उत्रन बाध्य हुने बताए। 'संविधान सँगै बसेर लेखेका हौं। उहाँले गलत आरोप लगाउने छुट छ भने सही प्रतिवाद गर्ने छुट कांग्रेसलाई पनि छ। किनकि यो उत्तर कोरिया होइन, नेपाल हो,' शर्माले भने।

■■■

## टिओआरमा...

सोमबार अधिवक्ता अनुप भट्टराईले महान्यायाधिवक्ता कार्यालय, महान्यायाधिवक्ता दिनमणि पोखरेल र गृहमन्त्री लामिछानेलाई विपक्षी बनाएर रिट दायर गरेका हुन्।

रिटमा महान्यायाधिवक्ता कार्यालयबाट गृहमन्त्री लामिछानेको नाममा जारी भएको पत्रको वैधतामाथि प्रश्न उठाउँदै पत्र बदर गर्न माग गरिएको छ। यसअघि अधिवक्ता भट्टराईले रिट दिए पनि सर्वोच्चको प्रशासनले दर्ता गर्न अस्वीकार (दरपीठ) गरेको थियो। गत बुधबार न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले रिट दर्ता गर्न आदेश दिएको थियो।

अधिवक्ता भट्टराईद्वारा दायर रिटमा गृहमन्त्रीले अनुचित प्रभाव र प्रतिकूल असर पार्ने र प्राकृतिक न्यायको सिद्धान्तविपरीत समेत रहने स्पष्ट भएको हुँदा अनुसन्धान प्रक्रिया चलिरहेको अवस्था उनलाई पदबाट निलम्बन गर्न माग गरिएको छ। 'विपक्षी उपप्रधान तथा गृहमन्त्रीले धारण गरेको जिम्मेवारीले अनुसन्धान प्रक्रियामा अनुचित प्रभाव र प्रतिकूल असर पार्ने र प्राकृतिक न्यायको सिद्धान्तविपरीत समेत रहने स्पष्ट भएको हुँदा अनुसन्धान प्रक्रिया चलिरहेको अवस्थामा गृहमन्त्रीको पदबाट निजलाई निलम्बन गर्नू भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को नाउँमा अन्तरिम प्रकृतिको उपयुक्त आदेश जारी गरिपाऊँ,' रिटमा भनिएको छ। उक्त रिट भोलि बुधबारका लागि पेसी तोकिएको छ।

■■■

## विद्युत प्राधिकरणको...

एक अर्ब ३१ करोड २४ लाख ९३ हजार रूपैयाँ र अदालतले बिलिङ गरेर उठाउन रोकेको बक्यौता चार अर्ब ३९ लाख ९५ हजार रूपैयाँ गरी २७ अर्ब ५८ करोड २१ लाख ८१ हजार रूपैयाँ रहेको दाबी गर्दै आएको छ। आयोगले भने प्राधिकरणको उक्त दाबीलाई अस्वीकृत गरिदिएको छ। बरु डिओडी मिटरको विवरणअनुसार महसुल लिन पाउने निष्कर्षसहितको प्रतिवेदन सरकारलाई बुझाएको हो। जबकि, प्रमुख कार्यकारी निर्देशक घिसिङले भने यो रकमलाई प्राधिकरणको खातामा आम्दानी बाँधेका थिए। उनले प्राधिकरणको नाफा देखाएका थिए। जसबाट प्राधिकरणले झण्डै पाँच अर्ब रूपैयाँ राज्यलाई करसमेत तिरिसकेको छ।

प्रतिवेदनअनुसार भने प्राधिकरणको उक्त आम्दानी शून्यमा परिणत भएको हो। तर, घिसिङले नक्कली आम्दानी र नक्कली नाफा देखाएर सक्कली कर तिरेको देखिएको छ।

## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०२/१५ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं.२५१२ मिति २०८०/११/२४ को वन पैदावार सङ्कलन सहमति वमोजिम उत्पादित काठ र दाउराहरूमध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं.३७६९ मिति २०८१/०२/१३ गतेको बाह्य लिलाम सहमति वमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन लगायतका जातका गोलिया थान ८२.०० को १५२६.११ क्यू.फि.काठ र साल जातको दाउरा ३.२५ चट्टा, अन्य जातको दाउरा २.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरी २२औं दिनको दिउँसो १:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री लामीडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-१, कुसुम, बाँके**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : A M I CARPENTRY AND FLOORING CONTRACTING LLC

पुर्व स्वीकृति मिति २०८०/११/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT. No. :299756 चलानी नं. : ६०२०९०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव ने.रू. | मासिक तलव AED | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 39 | 0 | 1200 | ४३,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 9 | 0 | 1300 | ४७,०७० | | | | | | | |
| 3 | General Workers | 30 | 0 | 1000 | ३६,३०५ | | | | | | | |
| 4 | Plumber | 8 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 5 | Steel Fixer | 40 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 6 | Stone Mason | 19 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 7 | Tile Layer | 19 | 0 | 1200 | ४३,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ११९०/०७३/०७४

**Best H. R. Solutions Pvt. Ltd.**

Tokha-7, Basundhara Kathmandu, Nepal, Tel :+977-1-4989446,4957800
Mobile: (Gopal: 9851052872, Shiva: 9841357054, 9803861805, 9860206621, 9856062051, 9848058194)
Email: besthrsolutionpvtltd@gmail.com


## शुभकालिका गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### सुकाटिया, कालिकोट

### प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०२/१५)**

उपरोक्त सम्बन्धमा यस कार्यालय अन्तर्गत आर्थिक वर्ष २०८०/०८१को स्वीकृत वार्षिक "व्यवशायिक ढाँका उत्पादन तथा बजारीकरण कार्यक्रम" अन्तर्गत गाउँपालिकाको कार्यक्रम लागू हुने वडा तथा वस्तीहरूमा तालिम सञ्चालन गर्न परामर्श सेवा खरिद गर्नु पर्ने हुँदा योग्यता पुगेका ईच्छुक परामर्शदाताबाट प्रस्ताव माग गरी सेवा लिने प्रयोजनको लागि RFP यस कार्यालयबाट मिति २०८१/०२/२९ गते १२:०० बजेभित्र हार्डकपि पेश गरी सक्नु पर्नेछ र भौतिक रूपमा उपस्थित हुन नसक्नेको हकमा यस गाउँपालिकाको वेवसाइट kalikamunkalikot.gov.np बाट पनि RFP डाउनलोड गरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै रितपूर्वक भरी तोकिएको समयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गरिन्छ।

**कार्यालय कोड नं.** ८०१०६६५०४,
**कार्यालयको नाम** : शुभकालिका गाउँपालिका सुकाटिया, कालिकोट
**बैंकको नाम** : कृषि विकास बैंक, शाखा सुकाटिया, कालिकोट
**आर.एफ.पि.** डकुमेन्ट फिको लागि राजश्व खाता नं. ०७२५९०१५३५६६९०५० (भौचर सहित)
**आर.एफ.पि.** जमानतको लागि खाता नं. ०७२५९०१५३५६६९०४२ (भौचर सहित)

| S.N. | RFP N. | RFP Security Amount (NRs.) | Estimated Amount with VAT (NRs.) | RFP Document Fees (NRs.) | RFP Submission Date | RFP opening Date |
|---|---|---|---|---|---|---|
| 1. | SRM/KKT/RFP/o1/2080/081 | 45,000/ | 18,19,300/ | 1,000/ | 2081/02/29 5 : 00 PM | 2081/02/30 11 : 00 AM |

**प्रमुख प्रशासकीय अधिकृत**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAZAYA RECRUITMENT SOLE PROPRIETORSHIP LLC

पुर्व स्वीकृति मिति २०८१/०२/१४ LT No.305312 चलानी नं.६०२१९९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव UAE | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer Assistant | 10 | 0 | 1200 | ४३,४३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BUILDING LABOURER | 10 | 0 | 900 | ३२,५७५ | | | | | | | |
| 3 | CONCRETE MASON | 15 | 0 | 1200 | ४३,४३३ | | | | | | | |
| 4 | Construction Carpenter | 12 | 0 | 1200 | ४३,४३३ | | | | | | | |
| 5 | ELECTRICIAN ASSISTANT | 10 | 0 | 1200 | ४३,४३३ | | | | | | | |
| 6 | Gunsmith | 10 | 0 | 1200 | ४३,४३३ | | | | | | | |
| 7 | Stone Mason | 15 | 0 | 1200 | ४३,४३३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Star Bridge HR Solution Pvt.Ltd.**

Samakhusi, Town Planning-26, Ktm. Nepal,
Tel. No.: +977-01-5919160
E-mail: starbridgehrsolutan124@gmail.com

Govt. License 1592/079/080

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI)L.L.C.

पूर्व स्वीकृति मिति २०८१/०२/११ LT. No. 305414 चलानी नं. ६०२२००४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 900 | ३२,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/labour | 50 | 0 | 900 | ३२,५६० | | | | | | | |
| 3 | Mason | 50 | 0 | 1200 | ४३,४१५ | | | | | | | |
| 4 | Shuttering Carpenter | 50 | 0 | 1200 | ४३,४१५ | | | | | | | |
| 5 | Steel Fixer | 50 | 0 | 1200 | ४३,४१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको मुख्य कार्यालय ECS काठमाडौंमा मिति: २०८१ जेठ २१ र २२ गते (3 & 4 June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Employment Creation Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४००/०६०/०६१

Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com
Website : ecsmanpower.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAMOUH EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति : २०७९/०९/११ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT. No 278240 चलानी नं. ६०१९३७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 200 | 0 | 800 | २८,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान:
सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, धरान रोड, इटहरी-६ मा मिति: २०८१ जेठ २२ र २४ गते (4 & 6 June 2024) मा हुनेछ।
सेन्टर पोइन्ट होटल, बिर्तामोड, झापामा मिति: २०८१ जेठ २३ गते (5th June 2024) मा हुनेछ।
नमस्ते जनप्रिय थकाली भान्छाघर एण्ड लज, पोखरा-८, कास्कीमा मिति: २०८१ जेठ २५/२६/२७ गते (7/8/9 June 2024) मा हुनेछ।
होटल तिरूपती, भरतपुर-१०, पुल्चोक, चितवनमा मिति: २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ।
कोहलपुर पार्टी प्यालेस, कोहलपुर-११, बाँकेमा मिति: २०८१ जेठ २९ र ३० गते (11 & 12 June 2024) मा हुनेछ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१ गते (13th June 2024) मा हुनेछ।

सम्पर्क नम्बर:
सुनसरीको लागि: ९८१०२३२९६५ र ९८१५३६०५८३,
झापाको लागि: ९८०१४५५७०५, ९८०१४५५७०७, ९८०१४५५७१०, ९८२४९७०१६८,
कास्कीको लागि: ९८०२८५५१९५, ९८२६१२८१४०, ९८५६०२७५३९,
चितवनको लागि: ९८१६४१११७९, ९८६५३९९७८२,
बाँकेको लागि: ९८०४५८८०९०

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**HR International Pvt. Ltd.**

License No. : 1491/074/075

Maharajgunj, Kathmandu, Nepal
Mob No. 9803033220, E-mail : hrinternational83@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/२९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT No :291920 चलानी नं. ६०२०७८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 150 | 0 | 130 | ५५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ANADEL BY SH LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT No :298588 चलानी नं. ६०२१३५५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/hairdresser/nail Technician/manicure Pe | 0 | 10 | 140 | ६०,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MANOMI ZONE LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८०/११/१६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT. No. 300768 चलानी नं.६०२१५६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 4 | 130 | ५५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser/nail Technician/beau/barber/manicure | 0 | 11 | 130 | ५५,९७५ | | | | | | | |
| 3 | Light Driver | 5 | 0 | 150 | ६४,५८५ | | | | | | | |
| 4 | Receptionist | 0 | 2 | 150 | ६४,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

# चार वरिष्ठ प्रहरी अधिकृतको पदोन्नति

**काठमाडौं (प्रस)-** प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपीबाट) पदोन्नति भएका चारजना प्रहरी अधिकृतलाई सोमबार प्रहरी नायब महानिरीक्षक (डिआइजी)को दर्ज्यानी चिह्न प्रदान गरिएको छ। उपप्रधानमन्त्री एवं गृहमन्त्रीस्तरको आइतबारको निर्णयानुसार प्रहरी वरिष्ठ उपरीक्षकबाट प्रहरी नायब महानिरीक्षक पदमा पदोन्नति भएका चारजना प्रहरी नायब महानिरीक्षकहरूलाई दर्ज्यानी चिह्न प्रदान गरिएको हो ।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले नेपाल प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित एक समारोहबीच उनीहरूलाई दर्ज्यानी चिह्न प्रदान गरे । पदोन्नति हुने प्रहरी नायब महानिरीक्षकहरूमा कृष्णहरि शर्मा पोखरेल, दानबहादुर कार्की, डा. मनोजकुमार केसी र राजन अधिकारी हुन् ।

गृह मन्त्रालय (सचिवस्तर) को २०८१ जेठ ६ गतेको निर्णयअनुसार प्राविधिक प्रहरी वरिष्ठ नायब निरीक्षकबाट प्राविधिक प्रहरी निरीक्षक पदमा पदोन्नति भएका प्राविधिक प्रहरी निरीक्षक भगवानप्रसाद कुशवाहलाई समेत प्रहरी महानिरीक्षक कुँवरले दर्ज्यानी चिह्न प्रदान गरे । सो क्रममा महानिरीक्षक कुँवरले राष्ट्र, जनता र संगठनप्रति गरेको योगदान, कार्यक्षमतालगायत बढुवाका सम्पूर्ण आधारहरूको मूल्यांकन गरी पदोन्नति गरिएको बताए ।

पदोन्नतिसँगै जवाफदेहिता, जिम्मेवारी र निर्वाह गर्नुपर्ने भूमिकाको दायरा अझ फराकिलो भएको प्रहरी महानिरीक्षक कुँवरले उल्लेख गरे । 'राज्य र संगठनले तपाईंहरूबाट यसको प्रतिफलमा देश र नागरिक सेवामा रचनात्मक भूमिका, उच्च व्यावसायिकता एवं निष्ठाको अपेक्षा राखेको छ, जसमा खरो उत्रिनुहुने छ भनी विश्वास लिएको छु ।'

# ऐसेलुखर्कमा निर्माणाधीन अस्पताल अन्तिम चरणमा

**खोटाङ-** जिल्लाको ऐसेलुखर्क गाउँपालिका-३ बजारमा निर्माणाधीन १५ शय्याको पालिकास्तरीय अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । लिफ्ट सुविधासहितको अपांगतामैत्री अस्पतालको भवन आगामी दसैंअघि हस्तान्तरण गर्ने योजनासहित निर्माणलाई तीव्रता दिइएको ठेकेदार कम्पनीले जनाएको छ ।

निर्माणाधीन अस्पताल भवनको भूइँतलामा इमरजेन्सी (आकस्मिक कक्ष), ल्याब र एक्स-रे सेवा, पहिलो तलामा शल्यक्रिया (अप्रेसन) र ओपिडी (बहिरंग) सेवा, दोस्रो तलामा वाड (शय्या) र प्रशासन तथा अन्तिम तलामा भण्डारण र क्लिनिङ (औजार सफा गर्ने ठाउँ) हुने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मा उल्लेख छ । ११ महिनामा सम्पन्न गर्नेगरी भ्याटसहित १९ करोड ३० लाख ४४ हजार रूपैयाँ लागतमा श्यामसुन्दर-गोरखा-तुवाचुङ जेभीले अस्पताल निर्माणको जिम्मा लिएको थियो ।

प्रत्येक तलामा सर्वसाधारण, सेवाग्राही र कर्मचारीका लागि महिला/ पुरुष छुट्टाछुट्टै शौचालय निर्माण हुने सम्झौतामा उल्लेख गरिएको निर्माणस्थलमा खटिएका कम्पनीका इञ्जिनियर नवीनकुमार यादवले बताए । उनका अनुसार अपांगता भएका व्यक्तिलेसमेत सहजरूपमा सेवा लिनसक्ने वातावरण बनाउन अन्तिम तलासम्म नै र्‍याम्प भर्‍याङ (ह्वील चियर गुडाउन मिल्ने भर्‍याङ) निर्माण भइरहेको छ ।

भवनको भूइँ र दोस्रो तलामा प्लास्टर सम्पन्न गरेर तेस्रो तलामा इँटा जोड्ने काम सुरु गरिएको इञ्जिनियर यादवले जानकारी दिए। 'साढे तीनतला अग्लो भवनको अन्तिम तलाको ढलान यही जेठ ६ गते सम्पन्न गरेका छौं । अहिले दक्ष प्राविधिकसहित ४० जना कामदार खटाएर काम गरिरहेका छौं,' उनले भने, 'संरचनाको काम सम्पन्न भइसकेको छ । असार मसान्तभित्र ९० प्रतिशत काम सम्पन्न गर्ने योजनाअनुसरा तीव्रता दिएका छौं ।'

आगामी साउन १ गतेदेखि रङरोगनको काम सुरु गरेर निर्धारित समयमा भवन हस्तान्तरण गर्नेगरी कामलाई तीव्रता दिइएको इञ्जिनियर यादवले जानकारी दिए। २०७९ साउन २६ गते सम्झौता गरी गत माघ २३ सम्पन्न गर्नुपर्ने थियो । तोकिएको समयमा काम सम्पन्न नभएपछि आगामी साउन २५ गतेसम्मका लागि पहिलोपटक म्याद थप गरिएको उनको भनाइ छ । जग्गा विवादका कारण ढिलागरी काम सुरु भएको भन्दै भवन गुणस्तरीय बनाउन, थपिएको मितिमा सम्पन्न गराउन गाउँपालिकाको तर्फबाट सहजीकरण भइरहेको गाउँपालिकाका अध्यक्ष गीरेन्द्रबहादुर राईले जानकारी दिए । 'सुरुमा जग्गा विवादले सम्झौता ढिलो भयो। वर्षाको समयमा सम्झौता भएकाले ठेकेदार कम्पनीले काम गर्न सकेनन्,' उनले भने, 'अहिले छ महिनाको म्याद थप भएको छ । तोकिएको समयमा काम सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका छौं।'

अस्पतालका लागि स्थानीय पर्शु राजभण्डारीले ३० लाख रूपैयाँबराबरको सात रोपनी जग्गा निःशुल्क उपलब्ध गराउएको गाउँपालिकाका प्रवक्ता एवं वडा नं ३ का वडाध्यक्ष टेकेन्द्र राजभण्डारीले जानकारी दिए । ग्रामीण क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यसहित सरकारको लगानीमा सुरु गरिएको पालिकास्तरीय अस्पतालको काम अन्तिम चरणमा पुग्दा स्थानीय हर्षित भएका छन् ।

स्थानीयस्तरमा सुविधा सम्पन्न अस्पताल सञ्चालनमा आएपछि छिमेकी जिल्ला सोलुखुम्बुका बासिन्दालाई समेत सहज हुने गाउँपालिकाले जनाएको छ । सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिकाका अधिकांश वडावासी अहिले पनि ऐसेलुखर्कस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा सेवा लिन आउने गरेका छन् । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HYTARA ENTERPRISES W.L.L

पूर्व स्वीकृति मिति २०८०/१०/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT No : 298582 चलानी नं ६०२१३६२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 5 | 0 | 1100 | ४०,१४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 10 | 0 | 1000 | ३६,४९५ | | | | | | | |
| 3 | Painter | 2 | 0 | 1100 | ४०,१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EATHAI RESTAURANT CO WLL

पूर्व स्वीकृति मिति २०८१/०२/१३ LT. No. 305197 चलानी नं. ६०२२०१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 170 | ५९,९४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Crew | 7 | 0 | 150 | ५२,८९० | | | | | | | |
| 3 | Service Crew | 8 | 5 | 120 | ४२,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal
Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com
Govt. License 387/059/060
Website: www.paradeshioverseas.com.np

## कुवेत/साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREP FOOD SUPPLIES COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/१८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT. No. 304023 चलानी नं. ६०२१८८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commi 1 | 2 | 0 | 140 | ६०,७१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commi 2 | 2 | 0 | 130 | ५६,३७५ | | | | | | | |
| 3 | Commi 3 | 1 | 0 | 125 | ५४,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

कम्पनी : DUBAI OASIS COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/०९ LT. No. 305143 चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 303173 चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1

पूर्व स्वीकृति मिति २०७९/०३/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 266794 चलानी नं. ६०१८२७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 2000 | ७२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 296251 चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 290613 चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 49 | 17 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३९७/०६०/०६१

Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOLCI DI DOLCI CATERING COMPANY

पूर्व स्वीकृति मितिः २०८१/०२/१४ LT No.305406 चलानी नंः ६०२२०१७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 6 | 0 | 125 | ५४,१४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labor | 8 | 0 | 100 | ४३,३१० | | | | | | | |
| 3 | Waitress | 0 | 10 | 115 | ४९,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Dubai Overseas International Pvt. Ltd.
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARKAN ADVANCED TECHNICAL GROUP

पूर्व स्वीकृति मिति २०८०/१२/१० पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT. No. 302180 चलानी नं. ६०२१७१०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 1000 | ३६,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965, Mob: 9802353778, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOHA ALKHALIJ DECORE

पूर्व स्वीकृति मितिः २०७९/०९/१८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT No :278757 चलानी नं. ६०१९४२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 43 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०३/१२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT. No. 288633 चलानी नं. ६०२०३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 6 | 0 | 4000 | १४५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९९,००० | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 4 | General Clean Worker | 17 | 10 | 1000 | ३६,३०० | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Manager Variety | 1 | 0 | 6000 | २१८,२२१ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | २१६,०५० | | | | | | | |
| 8 | Supervisior | 8 | 2 | 2500 | ९०,७३० | | | | | | | |

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/०२/२० पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT. No. 287123 चलानी नं. ६०२०२५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4500 | १६४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 5 | 0 | 2700 | ९८,००० | | | | | | | |
| 3 | Data Entry | 12 | 0 | 2700 | ९८,००० | | | | | | | |
| 4 | Driver | 5 | 0 | 2200 | ७९,८४० | | | | | | | |
| 5 | Foreman | 7 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | General Clean Worker | 1 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Guard | 1 | 0 | 1800 | ६५,३१५ | | | | | | | |
| 8 | Labour | 30 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Marketing Representative | 0 | 1 | 4000 | १४५,१६५ | | | | | | | |
| 10 | Receptionist | 1 | 2 | 1700 | ६१,६९५ | | | | | | | |
| 11 | Representative | 2 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 12 | Supervisior | 8 | 0 | 2500 | ९०,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## LOSS OF CERTIFICATE, STATEMENT OF MARKS & MIGRATION CERTIFICATE

I, Suddat lama resident of Bansbari - 3, kathmandu, Nepal has irretrievably lost indian Certificate of Secondary Education Statement of Marks, Pass Certificate and Migration Cerififcate of Indian Cerificate of Secondary Education given in the year 2000 with index number T/684/053 of Wynberg-Allen Schoool, Mussoorie, INDIA.

## आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागि तल उल्लेखित कर्मचारी आवश्यकता भएकोले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला ।

| सि.नं. | आवश्यक पद | संख्या |
|---|---|---|
| १. | PRO (Public Relatioon Officer) | ४ जना Male/Female |

नोटः सम्वन्धी काममा अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

Elite Gurkhas Overseas Pvt. Ltd.
Gongabu Town Planning-29, Kathmandu, Nepal,
Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web:www.elitegurkhas.com


## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०२/१५**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं.२७१३ मिति २०८०/११/३० को वन पैदावार सङ्कलन सहमति वमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं.३७६५ मिति २०८१/०२/१३ गतेको बाह्य लिलाम सहमति वमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, बोटधएरों र खयर लगायतका जातका गोलिया थान ३८३.०० को २०८०.११ क्यू.फि. काठ र साल जातको दाउरा ३.०० चट्टा, अन्य जातको दाउरा ४.७५ चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम विक्रीमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो १.३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री सुनसरी सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-१, कुसुम, बाँके**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय
पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेख

## बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/०२/१५**

यस योजना कार्यालयबाट मिति २०८०/११/२९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन हुँदा सारभूत रूपमा प्रभावग्राही भई न्यूनतम् रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| १. | MHHPODLKH/ 33 701114/ 080/81-01 | Maintenance of Thala - Sueda Road Section (Ch 177 +000 to 208+000), Jajarkot district. | M/S HARISIDDI-YUBA JV, RUKUM WEST. | 3,11,07,141.11 |

**योजना प्रमुख**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# व्यवस्था फेर्न होइन जोगाउन लागौं

आज गणतन्त्र दिवस । जनताको अथक आन्दोलनबाट शाहवंशीय राजतन्त्र अन्त्य भएको १७औं वर्ष पूरा भएको दिन । तर दलका नेताहरूका कारण गणतान्त्रिक व्यवस्था धरापमा पर्न थालेको छ । २०६३ जेठ १५ गते राजतन्त्र विधिवतरूपमा अन्त्य भयो । त्यसअघि नेपालमा स्थिरताको कुनै छनक थिएन । युद्ध, आन्दोलन, जनताले चुनेको सांसदको चिरहरण । यस्तै कारण माओवादी र सात दलको आन्दोलनबाट प्रतिनिधिसभा पुनःस्थापना भयो । त्यसपछिको संसद्ले राजतन्त्रको अन्त्य गर्दै गणतन्त्रको स्थापना भएको १७ वर्ष पूरा भइसकेको छ ।

तर नेताहरूको अक्षमता, पदलोलुपताका कारण देशको अवस्था नाजुक बन्दै छ भने शासन पद्दतिमाथिसमेत प्रश्न उठ्न थालेको छ । गणतन्त्रपछि तीन तहको सरकार बनेको छ । यसमा स्थानीय सरकारमार्फत विकास गाउँगाउँ पुगेको छ भने प्रदेश सरकारमार्फत न्याय र कानुन जनताको घरदैलोमा । यद्यपि दलहरूको झगडाका कारण प्रदेशमा संविधानमा भएभन्दा बढी मन्त्री नियुक्त गर्ने, पटक–पटक सरकार फेरबदल भइरहेको छ । अर्कोतिर संघीय सरकारले प्रदेश सरकारलाई दिनुपर्ने अधिकारहरू अझै रोकिराखेको छ । संसद्बाट प्रहरी ऐन, कर्मचारी समायोजन ऐनहरू बन्न सकेको छैन । जसकारण प्रदेशले मन खोलेर काम गर्न सकेको छैन ।

प्रदेशलाई अधिकार दिइएको छैन तर नेता व्यवस्थापन गर्ने थलो बनाइयो । यसैकारण पनि १८ महिनामै सबै दलका प्रायजसो प्रदेश सभा सदस्यहरू मन्त्री भइसके । नभएकाहरू यो पाँच वर्षमा बनिसक्ने छन् । अझ कोशी र गण्डकी प्रदेशको चालचलन हेर्ने हो भने दुवै प्रदेशले एक–एक पटक नियम कानुन नै बिर्सेर सरकार बनाइसकेका छन् । यसमा प्रमुख दल नेपाली कांग्रेस र नेकपा एमाले नै मुख्य दोषी हुन् ।

यसरी हेर्दा यो व्यवस्था जनताका लागि भन्दा पनि नेताको लागि जस्तो देखिन थालेको छ । नेताहरू जनताका लागि सोच्दैनन्, आफ्नै लागिमात्र सोच्छन् भन्ने कुरा यहीबाट प्रस्ट भएको छ । यसैले अहिले प्रदेशसभा संघीयता विरोधीको तारो बनेको छ । अझ दलहरूभित्र पनि प्रदेश खारेज गर्नुपर्छ भन्ने आवाज उठ्न थालेको छ । केन्द्रीय सत्ताको हालत पनि प्रदेशको भन्दा कम छैन । जनताको आवाज मुखरित गर्नुपर्ने सांसद दिनहुँजसो अवरोध हुनेगर्छ । सदन अवरोधमा कहिले नेपाली कांग्रेस अघि सर्छ भने कहिले एमाले । देश ठीक तरिकाले सञ्चालन गर्न नीति नियम बनाउनु त कहाँ हो कहाँ एकले अर्कोलाई आरोपप्रत्यारोप गरेरै संसद्को समय सकिन्छ । यसरी दिनानुदिन पुरानै दलका कारण गणतन्त्र धरापमा पर्दै आएको छ । तर तिनै दलका नेताहरू भने खुसियाली मनाउँदै गणतन्त्र दिवसको शुभकामना साटासाट गरिरहेका छन् । जुन जनतालाई पटक्कै चित्त बुझेको छैन । जनताको ठूलो त्याग र बलिदानबाट प्राप्त यो व्यवस्था जोगाउन जिम्मेवार दलहरू नै उदासीन देखिनु दुःखद् विषय हो । फेरि व्यवस्था फेर्न होइन, यही व्यवस्थालाई संस्थागत गरौं ।

# गणतन्त्रको उपज: स्थानीय सरकार–गाउँघरको सिंहदरबार



■ कृष्णहरि बास्कोटा

> स्थानीय सरकारहरु संघीय शासनका बलिया खम्बा हुन् । यसर्थ भविष्यका दिनमा यिनीहरूले उच्च राजनीतिक संस्कारका माध्यमद्वारा कर्मचारीतन्त्रसँग नङ र मासुको सम्बन्ध कायम गरी आमजनतामा आशा र भरोसा अभिवृद्धि गर्नुपर्छ । सबै स्थानीय सरकारहरूले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिनुपर्छ । यी सरकारहरूले काम गर्दा कुनै पनि प्रकारको बेरूजु सिर्जना हुन दिनुहुँदैन । यिनले प्रशासनिक खर्च कम गर्दै पुँजीगत बजेट वृद्धि गर्नुपर्छ ।

संविधानसभाद्वारा २०७२ सालमा जारी भएको वर्तमान नेपालको संविधानले मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा रूपान्तरित गरेको छ । मुलुकमा तीन तहका सरकार गठन भएका छन् । यसअनुसार ७५३ वटा स्थानीय तहले घरआँगनमा सिंहदरबार आएको अनुभूति दिलाएका छन् । यस सन्दर्भमा विगत सात/आठ वर्षमा स्थानीय सरकारहरूबाट तुलनात्मकरूपमा प्रशंसनीय काम भएको छ ।

नेपालको संविधानको अनुसूची ८ र ९ बाट स्थानीय सरकारले २२ वटा एकल र १५ वटा साझा अधिकार हासिल गरेका छन् । यस अतिरिक्त, संविधानका अन्य विभिन्न प्रावधान र अन्य कयौं कानुनद्वारा स्थानीय सरकारहरू आमजनतामा आवश्यक सेवा सुविधा प्रदान गर्न तथा विकास निर्माणको काम गर्न सक्षम भएका छन् । यसरी, संघीयताको माध्यमद्वारा आफूलाई प्राप्त अवसरलाई स्थानीय सरकारले निकै सुझबुझका साथ कार्यान्वयनमा ल्याएका छन् ।

मुलुकमा स्थापित ७५३ वटा स्थानीय सरकार मातहत छ हजार ७४३ वटा वडा कार्यालय रहेका छन् । यी वडा कार्यालयले बिहान, बेलुकी र सार्वजनिक बिदाको दिनसमेत नभनी अविरलरूपमा आमजनतामा प्रवाह गरेका सेवाहरू अतुलनीय छन् । यसरी वडा कार्यालयमार्फत स्थानीय सरकारहरूले आमजनतालाई घरदैलोमै सेवा प्रवाह गर्न सफल भएका छन् । सामान्यतः वडा कार्यालयका सेवाहरू सरल, सुलभ, छिटो र भरपर्दो पाइएको छ । यी सेवाहरू जनमुखी, सेवाग्राहीमैत्री, कम खर्चिलो र कम झन्झटिलो बोध भएका छन् ।

स्थानीय सरकारहरूले आफूलाई जवाफदेही र उत्तरदायी तुल्याउन चार/चार महिनामा सार्वजनिक सुनुवाइ गरिआएका छन् । यसैगरी, यी सरकारहरूले आफूले सम्पादन गरेको कामबाट आमजनतामा के कस्तो प्रभाव परेका छ भनी जान्न वर्षमा एक पटक सामाजिक परीक्षण गर्ने गरेका छन् । यस अतिरिक्त, कुनै पनि स्थानीय सरकारबाट नयाँ आयोजनाको आरम्भ गर्दा र सो आयोजना सम्पन्न हुँदा तत्स्थानमा लाभग्राही जनतालाई भेला गराई सामाजिक परीक्षण गर्ने गरेका छन् ।

यसैगरी, नगरपालिका र गाउँपालिकाले पाँच हजार रूपैयाँको क्षतिपूर्तिसहितको नागरिक बडापत्रको व्यवस्था गरेका छन् । आमजनताको गुनासो सुन्न र समाधान गर्न गुनासो सुन्ने अधिकारी तोकेका छन् । साथै, आमजनतामा सूचना प्रवाह गर्न सूचना अधिकारी तोकेका छन् । प्रायः सबै पालिकाले लैंगिक उत्तरदायी बजेटको अवधारणालाई आत्मसात् गरेका छन् । यिनले प्रत्येक महिनाको ७ गतेभित्र आफ्नो आम्दानी र खर्च सार्वजनिक गर्न थालेका छन् । स्थानीय तहको स्वमूल्यांकन गर्ने लिजा र वित्तीय जोखिम कम गर्ने एफआरएजस्ता मूल्यांकनको विधिमा आफूलाई अब्बल तुल्याउन पालिकाहरू सकारात्मक प्रतिप्रधामा उद्वत्त रहनु खुसीको कुरा हो ।

हालका दिनमा अधिकांश स्थानीय सरकारहरूले अनलाइन सेवा प्रवाह गरिआएका छन् । यिनीहरूले पालिकाको कार्यालय र वडा कार्यालयमा प्रविधिमैत्री, सिसिटिभी, विद्युतीय हाजिरी, स्क्रिन सूचनापाटी, सिसी क्यामरा र विद्युतीय हाजिर जडान गरेका छन् । अधिकांश पालिकाले डिजिटल बडापत्र, डिजिटल सूचना पाटी र आकर्षक सेवाग्राही सहायता कक्ष सञ्चालनमा ल्याएका छन् । प्रायः सबै पालिकामा सिंहदरबाको अनुभूति दिन सुविधा सम्पन्न बहुतल्ले पालिका भवन निर्माण गरेका छन् । प्रायः सबै वडामा वडा कार्यालय भवन निर्माण भइरहेको छ । पालिकाहरूले वडागतरूपमा घुम्ती सेवा सञ्चालन गरी आमजनतामा सेवा पुऱ्याएका छन् ।

नेपालका स्थानीय सरकारहरूले नगर प्रहरीको माध्यमद्वारा कयौं अव्यवस्थाउपर धावा बोलेका छन् । उनीहरूले बैंक, वित्तीय संस्था र सहकारीका माध्यमद्वारा आमजनतामा बचत गर्ने बानीको विकास गर्नुका साथै थुप्रै उद्यमशील योजनाहरू सञ्चालनमा ल्याएका छन् । यिनीहरूले काम गर्ने र सोको बजारीकरण गर्ने विषयलाई प्राथमिकतामा राखेका छन् । विस्तारै स्थानीय सरकारहरू आन्तरिक राजस्व वृद्धि गर्न करका क्षेत्रहरूको पहिचानमा तल्लीन छन् ।

प्रायः सबै पालिकाहरूले दीर्घकालीन सोच, पाँच वर्षे आवधिक योजना, तीन वर्षे खर्च संरचनाको माध्यमद्वारा बर्सेनि नीति तथा कार्यक्रम र बजेट जारी गरिरहेका छन् । नगरपालिका र गाउँपालिकाहरू आमजनताको दैनिक उपभोग्य वस्तु र सेवा सहजरूपमा उपलब्ध गराउन बजार अनुगमनमा खटिन थालेका छन् । यिनीहरू बेरोजगारलाई रोजगारी दिन र भाषा, संस्कृति, कलाको संरक्षणमा पनि संवेदनशील भएका छन् । यिनले पालिकाको सौन्दर्यीकरण, दैवी विपद् व्यवस्थापन, फोहोर व्यवस्थानलगायतका क्षेत्रमा आफ्नो क्रियाशीलता प्रदर्शन गरेका छन् । यस्ता काममा स्थानीय तहलाई संघीय र प्रदेश सरकार एवं आमजनताको सहयोग र साथ चाहिन्छ ।

पछिल्ला दिनमा पालिकाहरूले 'एक गाउँ, एक उत्पादन' अभियान आरम्भ गरेका छन् । उनीहरूले कृषि क्षेत्रलाई यान्त्रिकीकरणमा रूपान्तरित गर्न रिपर, पावर टिलर, मिनी ट्र्याक्टर, हार्भेस्टरजस्ता कृषि उपकरणमा अनुदान दिन थालेका छन् । उनीहरूले कृषिको सम्भाव्यता अध्ययनका लागि माटो परीक्षण गर्ने, पशुपालनको विकासका लागि सुत्केरी गाई भैंसीलाई भत्ता दिने, कृत्रिम गर्भाधान गराउने, नश्ल सुधार गर्ने, साइलेस प्रविधि भित्र्याउने तथा कृषि उत्पादनको समर्थन मूल्य तोक्नेजस्ता सत्कार्य गरिआएका छन् । मूलतः यिनीहरूले कृषि र पशु बिमालाई जोड दिएका छन् । कृषि उत्पादन वृद्धिको योजना लागू गरेका छन् ।

स्थानीय सरकारहरूले शिक्षाको गुणस्तर सुधार गर्ने, यसका लागि प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्ने, स्थानीय पाठ्यक्रम लागू गर्ने, प्राविधिक शिक्षा, इ–लाइब्रेरी र विज्ञानको प्रयोगशाला स्थापना गर्ने, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नेजस्ता राम्रा काम गरिरहेका छन् । यसैगरी, स्वास्थ्य सेवातर्फ पालिकाहरूले अस्पताल नै सञ्चालन गरेका छन् । आमनागरिकलाई ब्लड बैंकको सेवा, डायलाइसिस सेवा, विद्यार्थीको बर्सेनि स्वास्थ्य परीक्षण, चौबिसै घण्टा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएका छन् ।

यसैगरी वडागत रूपमा खोप सेवा, सुनौला हजार दिनको कार्यक्रम सञ्चालन गर्ने, पोषण शिक्षा, चौबिसै घण्टा आकस्मिक सेवा प्रवाह, निःशुल्क औषधि वितरण, स्वास्थ्य शिविर सञ्चालनलगायतका काम गरिरहेका छन् । स्थानीय सरकारहरूको गठनसँगै लक्षितवर्गको सेवा सुविधामा बढोत्तरी भएको छ । यिनीहरूले ज्येष्ठ नागरिकलाई मल्टी भिटामिन वितरण गर्ने, लौरो दिने, टर्च लाइट दिने, मोतियाबिन्दुको शल्यक्रिया गर्ने, धार्मिक पर्यटनमा लैजाने, दिवा सेवा केन्द्र स्थापना गर्ने, मनोरञ्जनका साधन उपलब्ध गराउनेलगायतका सेवा प्रवाह गरेका छन् । यसबाट ज्येष्ठ नागरिकहरू खुसी भएका छन् ।

यसैगरी, अपांगता भएका व्यक्तिलाई ह्विलचियर उपलब्ध गराउने, विशेष भत्ता दिने, ब्रेललिपी सिकाउने, आत्मनिर्भरताको तालिम दिने, केही गरिखान बीउपुँजी दिने कार्य भइरहेको छ । पालिकाहरूले अपांग र बालमैत्री संरचना निर्माणमा जोड दिइरहेका छन् । स्थानीय सरकारहरूबाट महिला विकास र सशक्तीकरणका कामहरू पनि भइरहेको छ । यिनीहरूले छोरी जन्म उपहार कार्यक्रम, छोरी बचाऊ कार्यक्रम, छोरीलाई आत्मरक्षा तालिम, निःशुल्करूपमा स्यानिटरी प्याड वितरण, बालविवाह अन्त्य गर्ने पहल, महिला हिंसा रोक्ने प्रयास, अन्धविश्वासविरुद्ध सामाजिक रूपान्तरणका काम गरिरहेका छन् । यस अतिरिक्त, स्थानीय सरकारहरूले दलित, लोपोन्मुख वर्ग, वञ्चितीकरणमा परेको वर्ग, आदिवासी, गरिब, विपन्नलगायत लक्षित वर्ग केन्द्रित थुप्रै कार्यक्रम सञ्चालनमा ल्याएका छन् । यसबाट आमजनतामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीप्रति आशा र भरोसा जागृत भएको छ ।

स्थानीय सरकारहरू संघीय शासनका बलिया खम्बा हुन् । यसर्थ भविष्यका दिनमा यिनीहरूले उच्च राजनीतिक संस्कारका माध्यमद्वारा कर्मचारीतन्त्रसँग नङ र मासुको सम्बन्ध कायम गरी आमजनतामा आशा र भरोसा अभिवृद्धि गर्नुपर्छ । सबै स्थानीय सरकारहरूले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिनुपर्छ । यी सरकारहरूले काम गर्दा कुनै पनि प्रकारको बेरुजु सिर्जना हुन दिनुहुँदैन । यिनले प्रशासनिक खर्च कम गर्दै पुँजीगत बजेट वृद्धि गर्नुपर्छ । यिनीहरूले निर्माण गर्ने सडक, स्कुल, स्वास्थ्यचौकी वा सामुदायिक भवनहरू दिगो र भूकम्प प्रतिरोधक हुनुपर्छ । यिनीहरूले आमजनतामा आर्थिक क्रियाकलापप्रति आकर्षित गर्ने अभियानहरू सञ्चालन गर्नुपर्छ । यथार्थमा स्थानीय तहहरूको सकारात्मक क्रियाशीलता र उपलब्धिमै नेपाल र नेपालीको सुखद् भविष्य लुकेको सत्यलाई सबैले समयमै आत्मसात् गर्नुपर्छ । *रासस*

***(लेखक नेपाल सरकारका पूर्वसचिव तथा राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख आयुक्त हुन्)***

## मननयोग्य

### चाणक्य नीति

व्यवस्थाको त्यो अद्भूत युग थियो जसले चाणक्यलाई जन्मायो । उनी त्याग र दृढसंकल्पको अनौठो उदाहरण नै थिए । आफू छाप्रोमा बसेर पनि उनले एउटा अज्ञात युवकलाई राजमहलसम्म पुऱ्याउनु कूटनीतिको पराकाष्ठा थियो । आज उनै चाणक्यजस्तो प्रबल प्रज्वल पुरुष हाम्रो यो आर्यावर्तलाई आवश्यक छ जसले पुनः एकसूत्रमा बाँध्न भनी कम्मर कसोस् । चाणक्यको जीवन-चरित्र पढेपछि तपाईं यो बुझ्न सक्नुहुन्छ कि उनी कुन कारणवाट एक असहाय, अनाथ बालक युगपुरुष बन्न पुगे । नन्दवंशलाई परास्त गरेर कसरी चन्द्रगुप्त मगध साम्राज्यको सम्राट (चक्रवर्ती राजा) बने । एक दिन उनले आफ्ना गुरु एवम् प्रधानमन्त्री 'कौटिल्य'लाई भनेका थिए- गुरुदेव लक्ष्यप्राप्तिरूपी सन्तुष्टि प्राप्त भएपछि पनि मन एकदमै खिन्न, उत्साहहीन र चञ्चले जस्तो किन हुन्छ ? सम्पूर्ण वस्तु पाएर पनि केही नपाइएझैं किन लाग्दछ ? सन्तोषको शान्त र शीतल लक्षणको प्रभावले संघर्षरूपी स्वर्गीय सुखको तुलनामा फलप्राप्ति रूपी आनन्द सामान्य बन्न जान्छ । गुरुजीले भन्नुभयो- राजन् ! अन्तिम (चरम) लक्ष्यसम्म पुगेपछि मानिसको कर्तव्यपरायणता, रुचि र परिश्रम घट्दै जान थाल्छ । 'असम्भवको' नेटो पार गर्ने कुराको पर्यायवाची शब्द नै 'वास्तविक लक्ष्य' हो अथवा असम्भव भन्ने वस्तुको नामेट गराउनु । यस संसारमा असम्भव भन्नेकक वस्तु छँदै नै छैन ।

**ऐतिहासिक पूर्वप्रसङ्ग**

पुरानो भारत-वर्षका धेरै राज्यमध्ये एउटा विशाल राज्य थियो-मगध । मगधमा किस्किन्धा नगरीबाट सीतालाई खोज्न सुग्रीवले हनुमान्जस्ता वीर बानरहरूलाई पठाएका थिए । त्यही मगध जहाँ पाण्डवका पिता पाण्डुले आक्रमण गरेर अभिमानी युगलाई समाप्त पारे । भारतवर्षको इतिहासमा मगध त्यतिबेला चर्चामा आयो जुन समय महाभारतकालमा वृहद्रथका वीर पराक्रमी पुत्र जरासन्ध मगधको राजधानी गृहव्रजको राजसिंहासनमा आसीन भए । यिनै जरासन्धले गृहव्रजमा भीमसेनसँगको युद्धमा वीरगति प्राप्त गरेका थिए । क्रमश :




# कहाँ कसलाई आयो गणऽतन्त्र !

घुँडामा फाटेको अलि पुरानो पाइन्ट, अनि देब्रे काखीले बैशाखी च्यापेर संस्कृति छात्राबास छिर्ने फलामको गेटको भित्तामा अढेस लगाउँदै जेठको धुपमा कञ्चटबाट निस्किएको पसिना शिरमा लगाएको ढाकाको टोपी फुकालेर पुछ्दै, एकोहोरो उत्तर फर्किएर टोलाएका छन् अर्जुन काका । मानिसहरू रंगीचंगी ब्लक बिछ्याएको पेटीबाट ओहोरदोहोर गरिरहेका छन् । सडकपेटीमा बिछ्याइएको रंगीन ब्लकले सहरलाई साँच्चै नै रंगीन बनाएको छ । एक जोडी युवायुवती महेन्द्र सालिकको आइल्याण्डमा मुस्कुराउँदै नारायणहिटीलाई आफ्नो पछाडि पारेर तस्बिर लिँदै छन् । अर्जुन काका आँखा झिमिक्क नगरी हेरिररहेका छन् । अनि केही स्मरण गरिरहेका छन् ।

भूइँमा रंगीन ब्लक, पेटीमा हरियालीसहितको ज्याकाराण्डा फूलै फूलले निकै आकर्षक देखिने सो क्षेत्रमा घण्टाघर देखिनेगरी फोटो खिचाउने पनि कम भने छैनन् । त्यही फोटो खिचेर रमाउँदै नारायणहिटीमा छिर्न टिकट काट्न हतारमा थिए त्रिशुले भाइ । छात्राबासको भित्तामा टोलाएर अढेस लागेका अर्जुन काकालाई देखेर त्रिशुले भाइ झस्कन्छ । बूढा मान्छे बाटो बिराएछन् कि क्या हो ! मनमनै सोच्दै काका भएको ठाउँमा पुग्छ ?

'काका,' त्रिशुले बोलाउँछ ।

अर्जुन काका झस्किन्छन् ! हँ ! को ?

हत्तेरी काका चिन्नुभएन ? म के हरिकृष्णको छोरा त्रिशुले ।

हरिकृष्ण ? को हरिकृष्ण ?

काका पनि बिर्सनु भो ? धेरै वर्ष भो त्यही भएर होला । बा, सहिद हुँदा म सानै थिएँ । काकाले नै सहरमा ल्याएर राख्नुभएको हैन । तपाईंको बिरानो सहराँ बस्दिन भनेर फर्कनुभो त ?

ए ऽ ए बल्ल याद गरेर हरिकृष्णको छोरा । हो त मैले नै राखिदिएको हो नि तिम्रो नाम त्रिशुल भनेर । कस्तो बिर्सेछु । हेर न दुई वर्ष भो बिर्सने रोगले च्याप्यो के बाबु । के भन्नु । उ बेला दुई-चार पुलिससँग भिडियो । अहिले बैशाखी देखाउँदै यो नभै चल्नै सकिन्न ।

अव उमेर पनि त भयो नि काका । साँच्ची काका तपाईंको त्यो गोली निकालेका घाउ ठीक भयो नि ? त्रिशुलेले सोध्छ ।

अव, यस्तै हो बाबु, एकैचोटी खरानी हुने बेलामा निको होला ?

अचम्म पर्दै त्रिशुलले प्रश्न गर्छ, किन र काका ? युद्धका घाइते तपाईंको उपचार गर्दिने कुरा भएको थियो त ?

मुस्कुराउँदै अर्जुन काका भन्छन्, कुरा भएको हो नि बाबु, काम पो नभएको त । अब हामीजस्ता मान्छेको के काम र ! पाखुरीमा बल हुञ्जेल प्रयोग गरिहाले । महेन्द्र सालिकलाई देखाउँदै, यी यो विचरो ढुंगाको सालिक फोर्न हिँडियो । के-के होला । साँच्चै नै हामीजस्ता गरिबको भाग्यको रेखा कोरिएला भन्ने सोचियो । एउटा राजा र त्यसले चलाएको राजतन्त्र फाल्न पाए जनता सुखी हुन्छन् । सामन्तवाद अन्त्य हुन्छ र समाजवाद आउँछ भन्ने रटान गरियो । तर...

ठीकै हो काका । हाम्रा बाले पनि ज्यान गुमाउनुभो मुलुक परिवर्तन हुन्छ भनेर तर अहिले मुलुक चलाउनेहरू नै परिवर्तन भइदिए । एउटा राजा त काकाहरूले फाल्न सफल हुनुभो । त्यसको सट्टा सयौं राजा जन्मिए । देश खोक्रो भो !

त्यही त बाबु । गाउँमा बस्ने कोही छैन । गाउँ रित्तो छ । भएको खेतबारी पनि बाँझै छ गर्न सकिएन । अलिकति उपचार गर्न भने वीर अस्पताल आको । पहिलेजस्तो सजिलो रैनछ । गणऽतन्त्रले राम्रै परिवर्तन गरिदिएछ ! मेरो पालो दुई महिनापछि अरे ! त्यही भएर यसो यहाँ आएर (सालिक देखाउँदै) आफूलाई धिक्कार्दै छु । के सोचे मैले, भयो अहिले भनेर !

त्रिशुल भन्छ, 'अब के धिक्कार्नुहुन्छ । अब धिक्कारेर पनि के फाइदा । तपाईंहरू लड्नुभो अरूले लडाए । गरिबको बोलिदिने न ३६ सालमा गाउनेहरूले देखे न ६३ मा गाउनेले महसुस गरे । गणतन्त्र त केवल गण बोकेर हिँड्नेहरूका लागि मात्र महत्त्वपूर्ण मन्त्र बन्यो । चोरलाई साँचो दिए चोरी हुनबाट बच्थ्यो कि भन्ने पुरानो सोच गयो । चोरले नै सबै चलायो । राष्ट्रभक्ति नै जलायो । भए भरका बेच्यो । जल, जमिन सबै बेच्यो ! हुँदाहुँदा लक्का जवानहरूलाई पनि कसैले 'म्यानपावर'का नाममा कसैले 'कन्सल्टेन्सी' का नाममा बेचिइनै रहे । यो भन्दा राम्रो गणऽ तन्त्र कहाँ आउला र काका ?

हो नि बाबु, गणऽतन्त्र जनताका लागि कहाँ आयो र ? खै कसका लागि मात्र पो आयो ? सत्तामा गएपछि लिसो टाँसिएजस्तै टाँसिनेहरूका लागि मात्र आयो ! तर गणऽतन्त्र कहाँ आयो कहाँ आयो ?

काकालाई सम्झाउँदै भन्छ, ल काका पनि तपाईंसँग संघर्ष गर्नेहरूका लागि कहाँ आएको हो त यो गणऽतन्त्र । यो त फटाहा, जाली, भ्रष्ट तस्करी गर्ने, तरबारदेखि दरबार बेच्नेसम्मलाई आको हो नि !

कठैबरा मेरो देश ! म जस्ता जनताका लागि लड्नेहरू सालिक हुनुपर्ने, अनि जनताका नाममा लुटेर खानेहरू मालिक बन्नुपर्ने कस्तो गणऽतन्त्र ल्याएछौं । हामीलाई धिक्कार्छ । म जस्ता मूर्खहरूलाई पनि धिक्कार्छ ।

हेर बाबु त्रिशुल जसले जेसुकै भनोस् । हिजो के थियो बुझिएन बुझाएनन् । देशलाई साँच्चै नै बनाउनुपर्छ भन्ने त यिनै एउटा महेन्द्रमात्र देखिए । गणऽतन्त्र भातमाराहरूले त देशमात्र लुटे । कहिले अदालतको हवाला दिएर लुटे, कहिले ऐन कानुनको नाममा लुटे । अहिले संघीयताका नाममा हात्ती पालेर लुटिरहेका छन् ।

त्यत्तिमात्र कहाँ हो र काका ऊ त्यो नारायणहिटी दरबार पनि चारैतिरबाट बाँडफाँड गरेर लुटिरहेका छन् । ठेक्कामा लगाएर खाइरहेका छन् । भैगो, छाडिदिनुस् । म उता गणऽतन्त्रको बिदालाई सदुपयोग गर्न उ त्यही दरबार हेर्न जाँदै छु तपाईं पनि हिँड्नुस् अनि देख्नुहुने छ गणऽतन्त्रको लुट । क-कसलाई हुँदो रैछ छुट ! विस्तारै हिँड्नुस् । ल यो बैशाखी समाउनु अनि मेरा दाहिना हात समाउनु । तपाईंले ल्याएको गणऽतन्त्र कहाँ आयो ? कसलाई आयो ? कसले थाहा पायो ? कि बालुवाटारमा आयो ! कि बालकोटमा आयो ? कि बूढानीलकण्ठमै आयो ! तपाईंहरूलाई त हात्ती आयो हात्ती आयो फुस्सा !



**विपद् व्यवस्थापन अभ्यास** | कञ्चनपुरको भीमदत्त नगरपालिका–१२ ऐरीस्थित महाकाली नदीमा विपद् व्यवस्थापनसम्बन्धी नमूना अभ्यास गर्दै नेपाली सेनाको श्रीदल गुल्म भगतपुर ब्यारेकको सैनिक टोली। *तस्बिरः शेरबहादुर सिंह/रासस*

# अत्यधिक गर्मीले वीरगञ्जका विद्यालय तीन दिन बन्द

**वीरगञ्ज (प्रस)-** अत्यधिक गर्मीका कारण पर्साको वीरगञ्ज महानगरभित्रका विद्यालयको पठनपाठन तीन दिन बन्द हुने भएको छ। वीरगञ्ज आसपास क्षेत्रको तापक्रम बढेर बिहानी सत्रको पठनपाठन कार्य पनि प्रभावित भएसँगै जेठ १६ देखि १८ गतेसम्म तीन दिन विद्यालयको पठनपाठन कार्य बन्द गर्न लागिएको हो।

वीरगञ्ज महानगरपालिका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले अत्यधिक गर्मीको कारणले पठनपाठनमा असहज भएको भन्दै अभिभावक, विद्यार्थी र शिक्षकबाट गुनासो आएसँगै महानगर शिक्षा समितिको सोमबार बसेको बैठकले तीन दिन पठनपाठन बन्द गर्ने निर्णय गरेको बताए।

'वीरगञ्ज महानगर शिक्षा समितिको आज बसेको बैठकले अत्यधिक गर्मीको कारणले विद्यालयको पठनपाठन कार्य बन्द गर्ने निर्णय गरेको छ,' उनले सोमबार भने, 'तीन दिन वर्षे बिदाबाट कट्टा हुनेगरी सबै विद्यालयको प्रशासनिक कार्य गर्न/गराउन बाधा नपर्नेगरी पठनपाठन कार्यमात्र बन्द हुने छ।' आज मंगलबार गणतन्त्र दिवसका सार्वजनिक बिदा छ। महाशाखा प्रमुख कर्णले बिदा घोषणा गरे पनि मौसम सुधार भएको खण्डमा भने पठनपाठन गर्न सकिने पनि बताए।

महानगर शिक्षा समितिको २०८१ वैशाख १७ गतेको निर्णयअनुसार प्रतिकूल मौसम (अत्यधिक गर्मी) का कारणले दिउँसोको समयमा पठनपाठन कार्य असहज भएको भन्दै बिहान ६ बजेदेखि गर्ने निर्णय गरेको थियो। गत वैशाख २० गतेदेखि वीरगञ्ज महानगर क्षेत्रमा बिहानीको समयमा पठनपाठन हुँदै आएको थियो।

महानगरभित्र सामुदायिकतर्फ ९२ वटा र निजीतर्फ १३८ विद्यालय छन्। सामुदायिक विद्यालयतर्फ २१ माध्यमिक, १५ आधारभूत, ५५ वटा प्राथमिक विद्यालय र एउटा पूर्वप्राथमिक विद्यालय रहेको छ।

# नौ जिल्लाका विद्यार्थीले बनाए वातावरण सुधारका योजना

■ प्रभाव संवाददाता

**काठमाडौं–** नौ जिल्लाका विद्यालय क्लबमा आबद्ध विद्यार्थीहरूले वातावरण सुधारका लागि दीर्घकालीन योजना तयार पारेका छन्। काभ्रेको धुलिखेलमा आयोजित पाँचौं एक्का राष्ट्रिय विद्यालय क्लब सम्मेलनमा सहभागी विद्यार्थीहरूले उक्त योजना बनाएका हुन्।

वातावरण संरक्षण शिविर (एक्का नेपाल) ले जेठ ८ देखि ११ गतेसम्म 'अबको भविष्य, दिगो विकासका लागि शिक्षा' शीर्षकमा केन्द्रित भई पाँचौं एक्का राष्ट्रिय विद्यालय क्लब सम्मेलन आयोजना गरेको थियो। विद्यालय क्लबका गतिविधिहरूबारे जानकारी आदानप्रदान गर्न, विद्यालय क्लबको दिगोपना र आत्मनिर्भरता बढाउन तथा जलवायु परिवर्तन, बालबालिकाको अधिकार, विद्यालयको वातावरण, पानी, स्वास्थ्य, सरसफाइसम्बन्धी ज्ञान प्रदान गर्न सम्मेलन आयोजना गरिएको एक्का नेपालका कार्यकारी निर्देशक योगेन्द्र चित्रकारले बताए। सामुदायिक विकासका प्रयासहरूमा बालबालिकाको सहभागितालाई बढावा दिनु मुख्य उद्देश्य रहेको उनको भनाइ छ।




सम्मेलनअन्तर्गत 'मेरो क्लब र यसको दिगोपन' सत्रमा विज्ञहहरूले विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूका लागि विभिन्न प्रस्तुति राखेका थिए। यस्तै विज्ञान प्रविधि तथा गणितमा आधारित ग्लोब कार्यक्रम र ज्ञानबजार कार्यक्रम सञ्चालन गरिएको आयोजकले जानकारी दिएको छ।

ज्ञानबजारको उत्कृष्ट छ प्रस्तावनालाई प्रतिविद्यालय २५-२५ हजार रूपैयाँ प्रदान गरिएको कार्यकारी निर्देशक चित्रकारले बताए।

सम्मेलनले विज्ञान, प्रविधि, शिक्षा र गणित शिक्षा र भावनात्मक बौद्धिकतालाई विद्यालयहरूमा शिक्षण सिकाइ प्रक्रियामा जोडिने, वातावरण र वन्यजन्तु संरक्षणमा स्थानीय सम्पदा संरक्षण र स्थानीय ज्ञानको पूर्ण उपयोग गर्ने, समावेशी र अपांगतामैत्री विद्यालय वातावरणका लागि प्रयास गर्नेलगायत निष्कर्ष निकालेको एक्का नेपालका वरिष्ठ कार्यक्रम अधिकृत विपिनकुमार श्रेष्ठले बताए।

सम्मेलनमा काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक, दोलखा, चितवन, रूपन्देही, धनकुटा, झापा र मोरङबाट विद्यार्थी सहभागी भएका थिए। थाइल्याण्ड र ताइवानबाटसमेत विद्यार्थी सहभागी भए। विद्यालय क्लबका सदस्यहरू १४७ जनासहित विद्यालय व्यवस्थापन समितिका सदस्यहरू र शिक्षकहरूसमेत सहभागी थिए।

# पाँच स्थानीय तहको बेरुजु शून्य

**काभ्रेपलाञ्चोक-** आर्थिक वर्ष २०७९/ ८० मा पाँच स्थानीय तहको बेरुजु शून्य देखिएको छ। काभ्रेपलाञ्चोकको महाभारत, पाँचथरको याकवरक, ताप्लेजुङको पाथिभरा याकवरक, धादिङको बेनीघाट रोराङ र ललितपुरको कोन्ज्योसोम गाउँपालिकाको बेरुजु शून्य देखिएको हो।

महालेखापरीक्षकको कार्यालयले आइतबार सार्वजनिक गरेको ६१औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/८० मा ती स्थानीय तहको बेरुजु नभएको उल्लेख छ। कार्यालयकाअनुसार सातै प्रदेशका ७५३ स्थानीय तहमध्ये मध्ये ७४६ स्थानीय सरकारको लेखापरीक्षण गरिएकामा पाँच तहका शून्य बेरुजु देखिएको छ।

काभ्रेको महाभारत गाउँपालिकामा उक्त आवमा एक अर्ब २५ करोड ४४ लाख ६२ हजार रूपैयाँको लेखापरीक्षण भएको थियो। अघिल्लो आव अर्थात् ०७८/७९ मा गरिएको लेखापरीक्षणमा ०.२६ प्रतिशत बेरुजु देखिएको थियो।

गाउँपालिकाका अध्यक्ष कान्छाला जिम्बाले अघिल्लो वर्ष केही बेरुजु देखिएपछि शून्यता कायम गर्न विकास बजेटलाई सही सदुपयोग गरिएको बताए। उनले भने, 'बेरुजु शून्यमा झार्नु पनि गौरवको विषय हो, सतप्रतिशत विकास हो।' महाभारत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा 'अति दुर्गम'मा सूचीकृत गाउँपालिका हो। काभ्रेपलाञ्चोकमा छ नगरपालिका र सात गाउँपालिका छन्।

जिल्लामा महाभारतपछि पनौती नगरमा कम देखिएको छ। उसको ०.२२ प्रतिशत बेरुजु देखिएको हो। पनौती नगरको दुई अर्ब ६६ करोड रूपैयाँको लेखापरीक्षण भएको थियो। यसैगरी रोशी गाउँपालिका ०.६६ प्रतिशत बेरुजु देखिएको छ। भुम्लु गाउँपालिकामा सबैभन्दा धेरै ४.२३ प्रतिशत बेरुजु देखिएको छ। उक्त गाउँपालिकाभन्दा दोस्रो धेरै बेरुजु देखिनेमा ३.२६ प्रतिशत नमोबुद्ध नगरमा रहेको छ।

त्यस्तै आव ०७८/७९ मा गरिएको लेखापरीक्षणमा खानीखोला गाउँपालिकाको १.१९, बनेपा नगरको १.०२ प्रतिशत, बेथानचोक गाउँपालिकाको १.२१ प्रतिशत, मण्डनदेउपुरमा १.४२, धुलिखेल नगरमा १.६३ प्रतिशत, चौरीदेउराली गाउँपालिकामा १.७९ र पाँचखाल नगरको १.९९ प्रतिशत बेरुजु देखिएको छ। *रासस*

## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०२/१५**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं.२८८० मिति २०८०/०१/२० को वन पैदावार सङ्कलन सहमति वमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं.३७६८ मिति २०८१/०२/१३ गतेको बाह्य लिलाम सहमति वमोजिम समूहको घाटगद्दीमा रहेका साल र असना जातका गोलिया थान ३७.०० को ३५६.५१.०० क्यू.फि. काठ र साल जातको दाउरा ३.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक वन पैदावारको लिलाम विक्रीमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औँ दिनको दिउँसो २.३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री सम्झना सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी–३, बाँके**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTELLIGENT S. GENERAL CONT.CO

पुर्व स्वीकृति मिति २०८०/१/७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ | LT. No. 285124 | चलानी नं. ६०२००५७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 5 | 0 | 1800 | ६३,०४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 10 | 0 | 1800 | ६३,०४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Mobhira Overseas Service Pvt. Ltd.
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TARTINE CONFECTIONERY CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ | LT. No. 287008 | चलानी नं. ६०१९२३७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 1200 | ४२,५०० | | | | | | | |

कम्पनी : TARTINE CONFECTIONERY CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ | LT. No. 290071 | चलानी नं. ६०२०५३५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 8 | 0 | 1200 | ४२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROSHEN BUFFET

पुर्व स्वीकृति मिति २०८१/०१/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ | LT. No. 304309 | चलानी नं. ६०२१९१५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EDIFICE UMBRELLA FACTORY

पुर्व स्वीकृति मिति २०८०/११/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ | LT No. 300514 | चलानी नं.६०२१५४७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum Tehnician | 2 | 0 | 160 | ६९,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | electrician | 2 | 0 | 160 | ६९,२१५ | | | | | | | |
| 3 | Heavy Driver | 2 | 0 | 150 | ६४,८९० | | | | | | | |
| 4 | Light Driver | 2 | 0 | 135 | ५८,४०० | | | | | | | |
| 5 | welder (Black Smith) | 2 | 0 | 180 | ७७,८७० | | | | | | | |

कम्पनी : EDIFICE OF KUWAIT GENERAL TRADING COMPANY

पुर्व स्वीकृति मिति २०८०/११/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ | LT No. 300786 | चलानी नं.६०२१५६५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum Technician | 1 | 0 | 160 | ६९,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 160 | ६९,२१५ | | | | | | | |
| 3 | Heavy Driver | 2 | 0 | 150 | ६४,८९० | | | | | | | |
| 4 | Light Driver | 2 | 0 | 135 | ५८,४०० | | | | | | | |
| 5 | Tailor | 1 | 0 | 140 | ६०,२८५ | | | | | | | |
| 6 | Welder (Black Smith) | 1 | 0 | 180 | ७७,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

SUPREME OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३५ जेठ १४ गते २०८१ मा प्रकाशित Asia Link Services Pvt. Ltd. को Lot No. 305201 को United International Group कम्पनीको विज्ञापनमा मासिक तलबको मुद्रा युएई (AED) मा हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ।

ASIA LINK SERVICES PVT. LTD.
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com


## जीतपुरसिमरा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जीतपुर, बारा
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृतका लागि आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०२/१५)**

यस कार्यालयबाट मिति २०८०/१२/२२ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्काहरुको बोलपत्र आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका बोपत्रदाताको बोलपत्र स्वीकृतको लागी छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१०) र जीतपुरसिमरा उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ६३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | Contract No. | Description of Work | Bidder's Name | Bidding Amount (With VAT) |
|---|---|---|---|---|
| 1. | JSMC/NCB/GOODS/2-2080/81 | Procurement Of Sanitary Pad | Medisales Medico Pharma, Madhyapur Thimi Bhaktapur | Rs. 3036965.4 |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

मंगलबार १५, जेठ २०८१ (Tuesday, May 28, 2024)

## 'बाटोः रोड टु डेथ'को ट्रेलर सार्वजनिक

नेपाली, अङ्ग्रेजी, तमिल र हिन्दी भाषामा निर्माण भएको फिल्म 'बाटोः रोड टु डेथ'को ट्रेलर सार्वजनिक भएको छ। काठमाडौं फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा मदन थापाको लेखन र निर्देशन छ। २ मिनेट ३४ सेकेण्डको ट्रेलर थ्रिलर शैलीको छ। ट्रेलरमा जंगलमा रहेको बाटोमा गाडीबाट यात्रा गरिरहेका फरक फरक पृष्ठभूमिका पात्रहरूले व्यहोरेको समस्यालाई देखाइएको छ। एम्बुलेन्समा सवार भइरहेकी नर्सले अस्पतालको सामाग्री हातमा बोक्नै सहयोगको याचना गरिरहेको दृश्य देखाइएको छ।



# चौथो आदिवासी चलचित्र महोत्सव जेठ २३ देखि




■ प्रभाव संवाददाता

**काठमाडौं–** चौथो आदिवासी चलचित्र महोत्सव-२०८१ यही जेठको २३ गतेदेखि हुने भएको छ। आदिवासी चलचित्र महासंघद्वारा आयोजित एक पत्रकार सम्मेलनमा विश्वव्यापी कोरोना महामारीको कारण २०७६ सालदेखि आयोजना हुन नसकेको महोत्सवलाई पुन: निरन्तरता दिँदै २०८१ साल जेठ २३, २४ र २५ गतेसम्म चौथो आदिवासी चलचित्र महोत्सव-२०८१ आयोजना गरिने जनाइएको हो।

महोत्सवमा जातीय संघसंस्थाबाट छनोट भई आएका आदिवासी जानजाति मातृभाषी चलचित्र, वृतचित्र र छोटा चलचित्रहरू प्रदर्शन गरिने छ। महोत्सवमा सहभागिता जनाउने चलचित्रलाई विभिन्न विधामा अवार्ड तथा पुरस्कार प्रदान गरिने जनाइएको छ। महोत्सवमा अन्तराष्ट्रिय चलचित्रक(र्मीहरूसँग सहकार्य गर्ने लक्ष्यबमोजिम नर्वेजियन नागरिक ईगल पेडेरसनद्वारा निर्देशित वृत्तचित्र इण्डि(जनियस पुलिस विशेष प्रर्दशन गरिनेछ।

महोत्सवमा प्रदर्शन भएका उत्कृष्ट चलचित्रलाई नगद रु २०,०००/- उत्कृष्ट वृत्तचित्र १०,०००/- र उत्कृष्ट सर्ट फिल्ममाई १०,००० प्रमाणपत्र प्रदान गरिनेछ। साथै, पब्लिक च्वाईस अवार्ड पाउनेलाई रु ३५००० रूपैयाँ नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

यस चलचित्र महोत्सवमा आदिवासी मौलिक खानाको स्टल, मौलिक आदिवासी भेषभुषा, आदि(वासी फोटो प्रदर्शन मौलिक व्याम्प बक, मौलिक विभिन्न जातिको झाँकीका साथमा सांस्कतिक कार्यक्रमसमेत हुनेछ। साथै, नर्भिक अन्तर्राष्ट्रिय अस्पतालको सहकार्यमा जनरल स्वास्थ्य शिविर र रक्तदान कार्यक्रमसमेत सञ्चालन गरिने छ।

चलचित्रको माध्यमबाट आदिवासी जनज(ातिका मौलिक कला, संस्कृति, भाषा, धर्म, परम्परा र लोकप्रथाको दस्तावेजीकरण एव र प्रवर्द्धनका साधे पर्यटन विकास लागि अन्तर्राष्ट्रिय स्तरमा यस चलचित्र मोहत्सवले सहयोग गर्ने दिवासी जनजाति चलचित्र महासंघका अध्यक्ष पुर्खाजित राइले बताए।

आदिवासी जनजाति चलचित्र महासंघले आयोजना गर्ने चौथो आदिवासी चलचित्र महोत्सवमा महासंघमा आवद्ध १४ संस्था सहआयोजक रहने बताएको छ। महासंघका अनुसार चलचित्र विकास बोर्ड, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, नेपाल पर्यटन वाणिज्य बैंक, नेपाल टेलिकम, नर्भिक अन्तर्राष्ट्रिय अस्पताल, चाभा स्टुडियो प्रा.लि. मोर्डन आर्टिष्ट ग्रुप, माडवाडी सेवा समिति आदिको सहकार्य रहने छ।

# उत्कृष्ट ड्रेस डिजाइनको सम्मान सन्जितालाई

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'द पोएट आइडल सिजन २'को उपाधि सिक्किमका सिमियोन सुकिता राईले आफ्नो पक्षमा पार्न सफल भएकी छन्। शनिबार राती अबेर सम्पन्न फिनाले एपिसोडमा उनले नगद १० लाखसहितको पुरस्कार जितेकी हुन्। राईले एभरेस्ट फिल्म कलेजबाट एक वर्षको स्नातक अध्यायनको छात्रवृत्ति, कथालयसँग पुस्तकको सम्झौता, उत्पला क्याफेको तर्फबाट एक लाखको गिफ्ट भौचर प्राप्त गरेकी छन्।

फिनालेमा अभिनेता सुनिल थापा र फिल्म 'पुजार सार्की'को कलाकार तथा निर्देशक अतिथिको रूपमा सहभागि रहेका थिए। 'पोएट आइडल'को दोस्रो सिजनमा उपेन्द्र सुब्बा, विप्लव प्रतिक, अनुप बराल र केकी अधिकारी निर्णायक थिए। निर्णायक मध्येकी अभिनेत्री केकी अधिकारीको लागि कार्यक्रम अबधिभरको ड्रेस चर्चित ड्रेस डिजाइनर सन्जिता बरालले तयार पारेकी हुन्। चार महिनासम्म चलेको सिजन २ मा उत्कृष्ट ड्रेस डिजाइनको सम्मान सन्जिता बरालले पाउनु भएको छ। उनले नेक्ष्ट सुपर मोडल २०१७, मिस एण्ड मिसेज नेपाल एलिगेन्स २०१८, मिस नेपाल २०२२ लगायतका दर्जनौ बिग रियालिटी शोमा प्रतिस्पर्धीहरूको लागि ड्रेस डिजाइन गरेबापत उत्कृष्ट सम्मान तथा अवार्ड पाउँदै आएकी छिन्।

दिब्यदेवले सहजीकरण गरेको कार्यक्रममा निर्देशक अमनप्रताप अधिकारीले तेस्रो सिजन पनि चाँडै नै दर्शकमाझ आउने जानकारी गराएका थिए।

# 'सतीदेवी' को अफिसियल पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** लेखक तथा निर्देशक लक्ष्मण सुवेदी निर्देशित फिल्म 'सतीदेवी' को अफिसियल पोस्टर सार्वजनिक भएको छ। सार्वजनिक पोस्टरमा सतीदेवीझको शीर्ष भुमिकामा रहेकी अभिनेत्री मलिका महतलाई अश्रुसहित नवजात शिशुलाई स्तनपान गराइरहेको देख्न सकिन्छ। यसैगरी पोस्टरमा मलिकासँगै दुई बालकलाकार हर्षिका वली र मन्जिला बाँनियालाई समेत फिचर गरिएको छ। उनीहरूलाई रोइरहेको देख्न सकिन्छ।

यसअघि फर्स्टलुकमा मलिकालाई कालो मोसो र जुत्ताको माला लगाएर गाउँलेहरूले लखेटी रहेको अवस्थामा मलिकालाई परस्तुत गरिएकोमा आज सार्वजनिक भएको पोस्टरले निर्देशक सुबेदीले सिनेमाबाट छोरी हुनुको गम्भीर पीडालाई प्रस्तुत गर्ने बुझ्न सकिन्छ।

यस्तै स्तनपान गराइएको दृश्यले मलिकाको भूमिकामा थप कौतुहलता उत्पन्न गराएको छ। यो कौतुहल्ताले दर्शकल(ाई आकर्षित गर्ने अनुमान गर्न सकिन्छ। सिनेमा साउन




४ गते रिलिज हुँदैछ। सिनेमाले सौराह दक्षिण एशियाली फिल्म फेष्टिबलमा सर्वोत्कृष्ट फिल्म, शिव रेग्मी सर्वोत्कृष्ट निर्देशक तथा तेश्रो नेपाल ग्रामिण फिल्म फेष्टिभलमा सर्वोत्कृष्ट फिल्म,सर्वोत्कृष्ट स्क्रीप्ट र सर्वोत्कृष्ट अभिनेत्री जुरी मेन्सन अवार्ड जितिसकेकाले पनि सिनेमाले दर्शकल(ाई रिझाउने उच्च सम्भावना छ। सिनेमाको कथा-पटकथा पनि सुवेदीले नै तयार पारेका हुन्।

दिलासा र साराको प्रस्तुतिमा तयार भएको चलचित्र 'सतीदेवी' मा अभिनेत्री मलिका महत्तसँगै हर्षिका वली, मञ्जिला बानियाँ, सन्दीप बाबु लोहनी, रमेश बुढाथोकी, कुलदीप अधिकारी, भोला सापकोटा, सृजना अधिकारी, सुजिता सिवाकोटी, सन्देश लिम्बु, मनिषा सापकोटा, जयन्त रेग्मी, बिमल श्रेष्ठ, देव महर्जन, तुलसी श्रेष्ठ, इभेन जोशी, इश्वरी सिंह, पवन केसी र जगदिश अधिकारीको अभिनय छ।

चलचित्रको छायांकन बाबु श्रेष्ठले गरेका छन् भने तारा थापाको सम्पादन, दीपक शर्मा र सुवास थापाको संगीत, रामजी लामिछानेको कोरियोग्राफी, देव मह(र्जनको एक्सन छ।

सिनेमाको पोस्टर राकेश दाहालले डिजाइन गरेका हुन् भने फोटो श्रीधर पौडेलले कैद गरेका हुन्। चलचित्रको वितरण काठमाडौँमा रिच इन्टरटेन्टमेन्ट र काठमाडौं बाहिर एफडि कम्पनीले गर्नेछ।

## पूर्वाधार विकास कार्यालय
### भद्रपुर, झापा

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

**सडक हामी सबैको साझा सम्पति हो। यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ। सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो। कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ। तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ।**

त्यसैले :

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी
- विकासको हरेक काम कारबाही जानकारी राखौं।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।



# अन्नपूर्ण आरोहण दिवसमा म्याराथन हुने




■ प्रभाव संवाददाता

**कास्की –** अन्नपूर्ण सेन्चुरी पर्यटन समितिको आयोजना तथा अन्नपूर्ण गाउँपालिका कास्कीको व्यवस्थापनमा अन्नपूर्ण आरोहण दिवसका अवसरमा अन्नपूर्ण म्याराथन हुँदैछ। यही जेठ २१ गते चार हजार एक सय ३० मिटरको उचाइमा उक्त म्याराथन हुन लागेको हो।

अन्नपूर्ण आधार शिविरबाट माछापुच्छ्रे आधार शिविर, बगर, देउराली, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुइले, कोम्रोङडाँडा, किम्रोङखोला, उरी हुँदै घान्द्रुकसम्म कूल ४२ दशम(लव १९५ किलोमिटर दूरीमा धावक दौडिने अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष एवं अन्नपूर्ण म्याराथन मूल आयोजक समितिका संयोजक ललित गुरुङले जानकारी दिए। 'पर्यटनका लागि सबै मौसम' नाराका साथ २०७५ सालदेखि आरम्भ भएको अन्नपूर्ण म्याराथनको यो चौथो संस्करण हो।

म्याराथनका माध्यमबाट अन्नपूर्ण आधार शिविरसहित यहाँको समग्र पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने उनले बताए। "संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबाट गत कात्तिक महिनामा अन्नपूर्ण आधार शिविरको भ्रमण हुनु, अमेरिकास्थित टाइम आउट म्यागेजिनले घान्द्रुकलाई भ्रमण गर्न लायक विश्वको सानो सुन्दर सहरको सूचीमा राख्नु, पोखरा पर्यटकीय राजधानी हुनुलगायत हामीले विगतदेखि गर्दै आएको यही कार्यक्रमको प्रभाव र उपलब्धि हुन् भन्ने ठानेका छौँ", संयोजक गुरुङले भने।

सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहणसँगै हिमाल आरोहणको क्रम सुरु भएकाले अन्नपूर्ण हिमाललाई आरोहणको जेठो हिमालका रूपमा समेत लिइन्छ। मौरिस हर्जोगको टोलीले जुन ३ मा अन्नपूर्ण प्रथमको आरोहण गरेकै कारण यस दिनलाई अन्नपूर्ण आरोहण दिवस (अन्नपूर्ण डे) का रूपमा मनाउने गरिएको छ।

अघिल्लो वर्षको तुलनामा यस वर्षको अन्नपूर्ण म्याराथनमा अन्तर्राष्ट्रिय धावकको सहभागिता बढ्ने अपेक्षा गरिएको अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका सचिव मिकास गुरुङले बताए। महिला तथा पुरुषतर्फ छुट्टाछुट्टै प्रतिस्पर्धा रहने यस संस्करणका लागि नाम दर्ता गराउने क्रम जारी रहेको र हालसम्म ५० धावकले नाम दर्ता गराइसकेको उनले बताए। हा(लसम्म नाम दर्ता गराउनेमा ४० पुरुष र १० महिला रहेका छन्। नाम दर्ता गराउनेमा चार विदेशी नागरिकसमेत रहेका सचिव गुरुङले जानकारी दिए।

म्याराथनमा सहभागी हुन महिलाका लागि रु पाँच हजार र पुरुषका लागि रु सात हजार शुल्क तोकिएको छ। महिला तथा पुरुषतर्फ प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः रु एक लाख ५० हजार, रु एक लाख र रु ७५ हजार पुरस्कार प्राप्त गर्ने प्रचारप्रसार संयोजक टङ्कराज अ(धिकारीले जानकारी दिए। यसअघि म्याराथनको पहिलो, दोस्रो र तेस्रो संस्करणको उपाधि क्रमशः त्रिभुवन आर्मीका हरिकुमार रिमाल, डोटीका खगेन्द्रबहादुर भाट र जुम्लाका धीरबहादुर बुढाले जितेका थिए। तेस्रो संस्करणदेखि म्याराथनमा महिलालाई सहभागी गराइएको हो। महिला म्याराथनको उपाधि गणना भण्डारीले जितेका थिए।

# चीन, जापान र दक्षिण कोरियाबीच सहकार्य बढाउने प्रतिबद्धता




**सियोल-** दक्षिण कोरिया, चीन र जापानका शीर्ष नेताबीच पाँच वर्षपछि पहिलोपटक सोमबार भएको बैठकमा क्षेत्रीय स्थिरताका विषयमा छलफल भएको छ । दक्षिण कोरियाका राष्ट्रपति युन सुक योल, चीनका प्रधानमन्त्री ली कियाङ र जापानका प्रधानमन्त्री फुमियो किशिदाले करिब पाँच वर्षपछि पहिलोपटक त्रिपक्षीय वार्ताका लागि सियोलमा भेला भएका हुन् ।

वार्ताको एजेन्डामा उत्तर कोरिया आधिकारिक रूपमा नभए पनि किशिदाले बैठकपछि भने, 'तीनै देशले आणविक निःशस्त्रीकरण आफ्नो साझा हितमा हुने पुष्टि गरेका छन् ।'

वार्ता हुनुभन्दा केही घण्टाअघि उत्तर कोरियाले अर्को जासुसी उपग्रह अन्तरिक्षमा पठाउने योजना बनाएको घोषणा गरेको थियो । यसले ब्यालेस्टिक प्रविधिको प्रयोग गरेर परीक्षण गर्नबाट रोक्ने संयुक्त राष्ट्रसंघको प्रतिबन्धको उल्लंघन गर्ने छ । युन र किशिदाले प्योङयाङलाई यो प्रक्षेपण रद्द गर्न आग्रह गरेका थिए भने दक्षिण कोरियाली नेताले यसले क्षेत्रीय र विश्वव्यापी शान्ति र स्थिरतालाई कमजोर पार्ने बताएका थिए ।

उनले यदि किमले आफ्नो चौथो प्रक्षेपण अघि बढाएमा 'निर्णायक' अन्तर्राष्ट्रिय प्रतिक्रियाका लागि आह्वान गरेका थिए । सियोलले युक्रेनमा प्रयोगका लागि हतियार पठाउने बदलामा रूसी सहयोग आउने दाबी गरेको छ । 'कोरियाली प्रायद्वीपमा उत्तर कोरियाको आणविक निःशस्त्रीकरण र स्थिरता हाम्रा तीन देशको साझा हितमा छ भन्ने कुरा हामीले फेरि एकपटक पुष्टि गरेका छौं,' किशिदाले बैठकपछि भने ।

विश्लेषकहरूले अन्तरिक्ष प्रक्षेपण क्षमता र ब्यालेस्टिक क्षेप्यास्त्रको विकासबीच महत्त्वपूर्ण प्राविधिक ओभरल्याप रहेको बताएका छन् । चीन उत्तर कोरियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार र प्रमुख कूटनीतिक सहयोगी हो र उसले लामो समयदेखि प्योङयाङको हतियार परीक्षणको निन्दा गर्दै आएको छ ।

चिनियाँ प्रधानमन्त्री लीले आफ्नो उद्घाटन मन्तव्यमा तीनै देश 'पारस्परिक लाभका लागि सहयोग गर्न इच्छुक रहेको' रहेको बताए । 'लीले आर्थिक र व्यापारिक मुद्दालाई राजनीतिक खेल वा सुरक्षा मामिलामा बदल्न, संरक्षणवादलाई अस्वीकार गर्न र आपूर्ति शृंखलालाई विच्छेद गर्न आह्वान गरेका बेलायती समाचार संस्था रोयटर्सले उल्लेख गरेको छ । तीन देशले व्यापार र लगानीका लागि पारदर्शी र पूर्वानुमानयोग्य वातावरण सिर्जना गर्ने र सुरक्षित आपूर्ति शृंखला स्थापना गर्ने निर्णय गरेको उनले बताए । *रासस/एएफपी*

# अमेरिकामा आँधीका कारण १८ जनाको मृत्यु, लाखौं प्रभावित

**वासिङ्टन, डिसी-** संयुक्त राज्य अमेरिकाको मध्य क्षेत्रमा घातक आँधीका कारण चार बालबालिकासहित १८ जनाको मृत्यु भएको र लाखौंले गम्भीर मौसमको खतराको सामना गर्नुपरेको सिएनएनले जनाएको छ ।

मुख्यतया मध्य-मिसिसिपी, ओहायो र टेनेसी उपत्यकाजस्ता अमेरिकाको फराकिलो क्षेत्रहरूमा आइतबार करिब १० करोड ९० लाखभन्दा बढी व्यक्ति असिना, दूषित र तेजयुक्त हावा र भयानक आँधीको खतराको सामना गर्नुपरेको थियो ।

आँधी पूर्वानुमान केन्द्रले आँधीबेहरी पूर्वतिर सर्दै जाँदा खराब मौसमी प्रभावले व्यापक क्षति पुऱ्याउने चेतावनी दिएको छ । केन्द्रले अर्कान्सास, इलिनोइस, केन्टकी, मिसौरी र टेनेसीका भागहरू समेट्छ । सेन्ट लुइस र जेफरसन सिटी, मिसौरी, पादुका, केन्टकी, कार्बोन्डेल, इलिनोइसका चार लाख ७० हजार मानिसलाई प्रभावित गर्ने जनाएको छ ।

आइतबार कम्तीमा ११ वटा आँधीबेहरी आएको बताइएको छ भने 'मेमोरियल डे'मा मौसम अझ गम्भीर हुने अनुमान गरिएको छ । सोमबार १२ करोडभन्दा बढी मानिसहरू गम्भीर मौसमको जोखिमबीच न्यु इंग्ल्यान्डको दक्षिणको पूर्वी तटमा केन्द्रित थिए । यसबाहेक, आइतबार इन्डियाना, इलिनोइस र केन्टकी हुँदै आएको आँधीबेहरीले पूर्वतिर सर्दै निरन्तर खतरा उत्पन्न गरिरहेको छ । *रासस/एएनआई*


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७४/०४/०३ मा दर्ता भएको प्रा.लि. नं. १७११०३/०७४/०७५ को रामेछाप सिटी भिलेज यातायात प्रा.लि. को मिति २०८१/०२/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

लिक्विडेटर: जगदिश बम, इजाजतपत्र नं. ५५७
फोन नं. ९८५१००४४१४, ठेगाना: का.म.न.पा. वडा नं. २९

## जनजागरण सा.व.उ.स बेलका नपा ६ उदयपुरको काठ लिलाम विक्री सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/०२/१५

यस समूहले नियामानुसार आव ०८१/८१ मा संकलन गरी समुहको घाटगद्दीमा रहेको को लट नम्बर १ को साल जातको चिरान थान २३ को २५.५६ क्यू.फि, लट नम्बर १ को साल जातको चिरान थान ७१५ को ७२८.६९ क्यू.फि काठ समूह बाहिर बिक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक भ्याटमा दर्ता भएका काष्ठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ। विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।

## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०२/१५**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं.२७३३ मिति २०८०/ज्ञज्ञ/घण को वन पैदावार सङ्कलन सहमति वमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ३८१५ मिति २०८१/०२/१४ गतेको बाह्य लिलाम सहमति वमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, खयर, कुसुम र धौटी लगायतका जातका गोलिया थान २३४ को १३४१.८९ क्यू.फि. काठ र साल जातको दाउरा १.०० चट्टा, अन्य जातको दाउरा ६.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम विक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरी २२औं दिनको दिउँसो १:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री गाईलेख सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-१, कुसुम, बाँके**

## दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री Swift HR Solutions Pvt. Ltd.** (इ.प.नं. ११९७/०७३/०७४) ले यस विभाग समक्ष कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.८ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०८१/०२/१४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्रपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE MIE KUMANO-KODO SOCIETY OF COMMERCE AND INDUSTRY
पूर्व स्वीकृति मिति: २०८०/०१/१० पून: विज्ञपन स्वीकृति मिति: २०८१/०२/१४ LT. No. 284227 चलानी नं. ६०२००९१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Molding | 0 | 04 | 153012 | ८१०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE MIE KUMANO-KODO SOCIETY OF COMMERCE AND INDUSTRY
पूर्व स्वीकृति मिति: २०८१/०१/२३ पून: विज्ञपन स्वीकृति मिति: २०८१/०२/१४ LT. No. 304194 चलानी नं. ६०२१९०२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cultivation Agriculture Trainee | 0 | 02 | 153012 | ८१०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेष्ठ २२ गते (4th June 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ५०,०००/-

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव**:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

Google Overseas Pvt.Ltd
श्रम ईजाजत नं. ६३१/०६३/०६४
New Town Planing Airport-9, Kalimatidole, Ktm, Nepal
Phone No.+977-01-4487063 Fax : +977-01-4465296
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAWTHAR FRESHWATER CONTRACTING COMPANY
पुर्व स्वीकृति मिति २०८१/०२/१४ LT. No. 305452 चलानी नं. ६०२१८४८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 2 | 0 | 1000 | ३५,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pashupati HR Solution Pvt. Ltd.
श्रम ईजाजत नं. १४००/०७४/०७५
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EFSIM FACILITY MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति २०८०/११/१६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT. No. 300747 चलानी नं. ६०२१५६८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 6 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAMDAN GLOBAL PVT. LTD.
License No. : 1563/079/080
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FITNAZIA HEALTH INSTITUTE FOR LADIES
पूर्व स्वीकृति मिति : २०८१/०२/१४ LT. No. 305236 चलानी नं.६०२२०१६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 0 | 10 | 85 | ३६,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-BARA IBRAHIM OBAID AL-MAAWI CAFE PROVIDES MEALS
पूर्व स्वीकृति मिति २०८०/१०/१० पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१४ LT. No. 298691 चलानी नं. ६०२१३६९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN SCAPES
पूर्व स्वीकृति मिति: २०८०/१०/२८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१३ LT. No.299776 चलानी नं. ६०२१४७२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 100 | 0 | 850 | ३०,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: रूपन्देही, बुट्वलमा मिति: २०८१ जेठ २२ गते (4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सन्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १३७२०० | प्रति तोला - १३६५५० | प्रति तोला - १८८० |



**पर्यटकीय भुजुङ** | लमजुङ क्व्होलासोथार गाउँपालिका-४ स्थित पर्यटकीय भुजुङ गाउँ । परम्परागत मौलिक घर, संस्कार, संस्कृति र घरवासका लागि भुजुङ प्रख्यात छ । *तस्बिरः जनक श्रेष्ठ/रासस*

# १५ प्रतिशत बजेट सामाजिक सुरक्षामा खर्च

■ प्रभाव संवाददाता




**काठमाडौं–** नागरिकको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा उपभोगमा सहयोग पुऱ्याउने उद्देश्यले सरकारले सञ्चालन गर्दै आएको गैर-योगदानमूलक सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीको संख्या बर्सेनि बढ्दै गएको छ ।

चालु आर्थिक वर्षमा सङ्घीय सरकारले सामाजिक सुरक्षातर्फ रु दुई खर्ब ९८ अर्ब ५७ करोड १९ लाख रकम विनियोजन गरेको थियो । सरकारले छुट्याएको कूल बजेटको करिब १५ प्रतिशत सामाजिक सुरक्षामा खर्च हुँदै आएको छ । सामाजिक सुरक्षा भत्ता पाउने नागरिकको संख्या बढेसँगै सोको दायित्व बहनका लागि सरकारलाई पर्ने आर्थिक भार पनि क्रमशः बढिरहेको छ ।

आइतबार संसद्मा प्रस्तुत भएको चालु आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षण अनुसार सामाजिक सुरक्षा भत्ता पाउने नागरिकको संख्यामा पछिल्लो एक वर्षमा मात्र साढे पाँच प्रतिशतले वृद्धि भएको छ ।

गत फागुन मसान्तसम्ममा सो संख्या ३८ लाख दुई सय ७७ पुगेको आर्थिक सर्वेक्षणबाट देखिन्छ । अघिल्लो आवको सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध नागरिकको संख्या ३७ लाख छ हजार तीन सय २७ थियो ।

आर्थिक सर्वेक्षणअनुसार ७० वर्ष नाघेका ज्येष्ठ नागरिकको संख्या १६ लाख २२ हजार पाँच सय १६ छ । त्यस्तै, ६० वर्ष नाघेका दलित एक लाख ५८ हजार दुई सय ६१, ६० वर्षमाथिका एकल महिला ज्येष्ठ नागरिक एक लाख ९८ हजार दुई सय ७०, विधवा महिला पाँच लाख ७६ हजार पाँच सय ५३, पूर्ण अपांगता भएका ६६ हजार चार सय ५२ र अति अशक्त अपांगता भएकाको संख्या एक लाख ४२ हजार एक सय ८५ रहेका छन् ।

सामाजिक सुरक्षा भत्ता पाउने तोकिएको क्षेत्रका बालबालिका सात लाख ६१ हजार ९३, दलित बालबालिका तीन लाख ४२ हजार एक सय ७६, लोपोन्मुख जातिका २२ हजार दुई सय ४७, ६० वर्षमाथिका क्षेत्र तोकिएका ज्येष्ठ नागरिकको संख्या १६ हजार ८ सय ४४ रहेको छ । हरेक वर्ष राज्यले सामाजिक सुरक्षा भत्तामा खर्च गर्ने रकमको आकार पनि बढ्दै गएको छ । चालु आवमा सामाजिक सुरक्षातर्फ रु दुई खर्ब ९८ अर्ब ५७ करोड १९ लाख विनियोजन भएको थियो । यो कूल बजेटको करिब १५ प्रतिशत बराबर हो ।

सामाजिक सुरक्षातर्फ खर्च हुने रकम चालु शीर्षकको बजेटको २२ दशमलव ६७ प्रतिशत र कूल गार्हस्थ उत्पादनको पाँच दशमलव ५४ प्रतिशत बराबर हो । दश वर्षअघि अर्थात् आर्थिक वर्ष २०७०/७१ मा कूल बजेटको आठ दशमलव १७ प्रतिशत मात्र सामाजिक सुरक्षा शीर्षकमा खर्च भएको देखिन्छ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागअन्तर्गतको सामाजिक सुरक्षा शाखाका अनुसार आर्थिक वर्ष २०७५/७६ मा सामाजिक सुरक्षा भत्ता पाउने मानिसको संख्या २८ लाख २७ हजार पाँच सय १८ थियो । अहिले सो संख्या ३८ लाख नाँघेको छ । पछिल्लो पाँच वर्षमा करिब १० लाख मानिस गैर-योगदानमूलक सामाजिक सुरक्षामा आवद्ध भएका छन् ।

सामाजिक सुरक्षा ऐन, २०७५ को पछिल्लो संशोधित व्यवस्थाअनुसार, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, लोपोन्मुख जातिलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइँदै आइएको छ । लोककल्याणकारी राज्यको उद्देश्य प्राप्तिका लागि 'कोखदेखि शोकसम्म सामाजिक सुरक्षा' भन्ने नारा लिएर गर्भावस्थादेखि मृत्यु संस्कारसम्म जीवन चक्रका सबै चरणमा सामाजिक सुरक्षाको प्रत्याभूत गराउने सरकारको नीति छ ।

सरकारी वा सार्वजनिक पदमा बहाल रहेका व्यक्ति, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संगठित संस्थाबाट नियमितरूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था छ ।

# सामान्य अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** यो साता कारोबारको दोस्रो दिन सोमबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । नेप्से परिसूचक तीन दशमलव ९३ अंकले बढेर दुई हजार एक सय १३ दशमलव २७ को बिन्दुमा कायम भएको हो ।

विभिन्न तीन सय १७ कम्पनीको ९३ लाख ३० हजार दुई सय ९५ कित्ता शेयर ५८ हजार चार सय ८३ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ८९ करोड ३७ लाख ६४ हजार एक सय ६४ बराबरको कारोबार भएको छ ।

बैंकिङ समूह शून्य दशमलव ७४, होटल तथा पर्यटन समूह शून्य दशमलव ४९ र निर्जीवन बीमा समूह शून्य दशमलव २२ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

विकास बैंक समूह शून्य दशमलव ६३, वित्त समूह एक दशमलव ४१, जलविद्युत् शून्य दशमलव २५, लगानी एक दशमलव ८० र जीवन बीमा समूह शून्य दशमलव ४० प्रतिशतले बढेको छ । त्यसैगरी, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७८, लघुवित्त शून्य दशमलव ४३, म्युचुअल फन्ड शून्य दशमलव ४९, व्यापार शून्य दशमलव २२ र अन्य समूह शून्य दशमलव ६४ प्रतिशतले बढेको छ ।

मुक्तिनाथ कृषि कम्पनी लिमिटेड र नेपाल वेयरहाउजिङ कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएको शेयर संख्याका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु २० करोड ४० लाख ४७ हजार चार सय ३४ बराबरको तीन लाख ५५ हजार आठ सय ९५ कित्ता शेयर किनबेच भएको छ ।

## कर्पोरेट

### ग्लोबल आइएमईका ग्राहकलाई दराजमा छुट

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना कार्ड बाहक ग्राहकहरूलाई दराजबाट अनलाइनमार्फत सामान किन्दा १५ प्रतिशतसम्म छुट दिने योजना पुनः सार्वजनिक गरेको छ ।




यस योजनाअन्तर्गत ग्राहकहरूले ग्लोबल आइएमई बैंकको भिजा डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी दराजबाट अनलाइनमार्फत सामान खरिद गर्दा खरिद १५ प्रतिशतसम्म छुट पाउनेछन् । यो योजना जेठ १३ गतेदेखि ३ महिनासम्म संचालनमा रहने छ ।

बैंकको डेबिट कार्ड प्रयोगकर्ताहरूले १० प्रतिशत वा रु.५०० सम्म र क्रेडिट कार्ड प्रयोगकर्ताहरूले १५ प्रतिशत वा रु.७५० सम्म छुट पाउनेछन् । यस योजना अवधिभर हरेक महिना १० वटासम्मको खरिदमा यो छुट पाइने छ । ग्लोबल आइएमई बैंकले दराज अनलाइन स्टोरसँग समन्वय गरी आफ्ना डेबिट र क्रेडिट कार्ड प्रयोगकर्ताहरूलाई विशेष विशेष योजनाहरू सार्वजनिक गर्दै आएको छ ।

यसअघि पनि ३ महिना संचालनमा रहेको यस छुट योजनामा उत्साहजनक सहभागिता भएकाले यो योजना पुनः संचालन गरिएको हो । बैंकले आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका समयसान्दर्भिक योजनाहरू ल्याएर ग्राहकहरूलाई लावान्वित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्वित गरिरहेको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

### महालक्ष्मी विकास बैंकका विभिन्न सामाजिक कार्यक्रम

**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक लिमिटेडका शाखाहरूद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नगरपालिका र आश्रमलाई विभिन्न सहयोगका कार्यक्रमहरू सम्पन्न भएका छन् । बैंकको महिलवार (लुम्बिनी) शाखाद्वारा २५६८ औं बुद्ध जयन्ती तथा लुम्बिनी दिवस - २०८१ को अवसरमा लुम्बिनीमा निःशुल्क पानी तथा मिठाई वितरण कार्यक्रम सम्पन्न गरिएको छ । बुद्ध जयन्तीको अवसर पारेर बुद्ध जन्मस्थल लुम्बिनीमा दर्शन गर्न आएका करिब पच्चिस सय श्रद्धालु भक्तजनहरूका लागि शुद्ध पिउने पानी तथा मिठाई वितरण गरिएको थियो । बैंकले विगत १३ - १४ वर्षदेखि नै बुद्ध जयन्तीको दिन श्रद्धालु भक्तजन तथा सर्वसाधारणहरूलाई पिउने पानीको समस्या नहोस् भन्ने उद्देश्यले यो कार्यलाई निरन्तरता दिदै आएको छ ।




त्यसैगरि बैंकको धनगढी शाखाद्वारा धनगढी उपमहानगरपालिकाको 'नगरप्रमुख शैक्षिक सुधार कोष'लाई एक लाख पचास हजार रूपैयाँ सहयोग हस्तान्तरण गरिएको छ । ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाले आर्थिक अभावका कारण बिचैमा पढाई छोड्न नपरोस् भनेर स्थापना गरिएको नगरप्रमुख शैक्षिक सुधार कोष मार्फत विपन्न परिवारका बालबालिकाहरूको शैक्षिक गुणस्तर सुधार्न गर्न मद्दत पुऱ्याउने उद्देश्यले बैंकले उक्त सहयोग गरेको हो । बैंकको सुदुरपश्चिम प्रदेश प्रमुख सुनिल कुमार नेपालले धनगढी उपमहानगरपालिका नगरप्रमुख गोपाल हमाललाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरेका थिए । आगामी दिनहरूमा पनि सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक रूपान्तरणका विभिन्न कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गर्ने कुरा बैकले जनाएको छ ।

डढेलो नियन्त्रण गरौं,
वातावरण जोगाऔं ।

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भू-क्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ